Jana Aakash National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित
www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

वर्ष- १८, अंक- ५, २०८२ साल भदौ १० गते मंगलबार (August 26, 2025) www.janaakash.com.np

# शिक्षा विधेयक चाडै पास गर्न शिक्षकहरूको दवाव, विरोध कायमै




**काठमाडौं–** लामो रस्साकस्सीपछि प्रतिनिधिसभामा पुगेको विद्यालय शिक्षा विधेयकलाई शिक्षकहरूले अस्वीकार गर्दा सरकार अप्ठेरोमा परेको छ । विधेयकका कयौं प्रावधानप्रति असहमति जनाउँदै शिक्षकहरूले सरकारविरुद्ध आन्दोलनमा होमिने चेतावनी दिएका छन् ।

सरकारले भने विधेयकलाई विद्यालय शिक्षाको मानक भनेको थियो । विधेयकले शिक्षामा सबैको पहुँच, एकरूपता र गुणस्तर कायम गर्ने दाबी सरकारको थियो । तर, विधेयकको मुख्य सरोकारवालामध्येका शिक्षकहरूले यसअघि भएका सहमतिअनुसार सरकारले विधेयक नल्याएको भन्दै स्वीकार्न नसकिने प्रस्ट पारेका छन् ।

विगतका सहमतिलाई टेकेर विधेयक ल्याउन दबाब दिन शिक्षकहरू पुनः आन्दोलनमा उत्रने भएका छन् । उनीहरू नेपाल शिक्षक महासंघअन्तर्गत रहेर आन्दोलित हुने भएका हुन् । महासंघले सोमबार प्रधानमन्त्री, शिक्षामन्त्री तथा दलका प्रमुख सचेतकलाई ध्यानाकर्षणपत्र बुझाउने भएको अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले सञ्चारकर्मीहरुलाई बताए । उनका अनुसार त्यसपछि महासंघले चरणबद्ध आन्दोलन गर्ने छ, जसअन्तर्गत यही ११ देखि २० भदौमा केन्द्रमा सबै पार्टी कार्यालयमा ध्यानाकर्षणपत्र बुझाउने र एक घण्टा धर्ना दिने, १३ भदौमा सबै पालिकामा ध्यानाकर्षण गराउने, १५ भदौमा जिल्लास्तरीय समन्वय एकाइमा ध्यानाकर्षण गराउने र २१ भदौदेखि निर्णायक आन्दोलन सुरु गरिने छ । महासंघले अस्थायी शिक्षकको स्थायित्व, बढुवाको प्रबन्ध, अध्यापन अनुमतिपत्रको म्याद, बालकक्षा शिक्षकको सुविधा, संस्थागत विद्यालय शिक्षकको पेसागत सुरक्षा, सरुवा प्रणालीलगायतमा असहमति जनाएको छ ।

विद्यमान कानुनमा स्थानीय तहलाई नै माद्यमिक तहसम्मको शैक्षिक व्यवस्थापनको अधिकार भएकोमा महासंघले आपत्ति जनाएको छ। संघअन्तर्गत माध्यमिक तहसम्मको शिक्षालाई लानुपर्नेमा महासंघको जोड छ। तर, विधेयकमा यससम्बन्धी प्रावधान छैन । यसलाई लिएर पनि महासंघ रुष्ट भएको हो । शिक्षकको विभागीय कारबाहीको व्यवस्था सहमतिअनुसार विधेयकमा सम्बोधन नभएको, विद्यालय कर्मचारीको पद र वेतन सुनिश्चित » बाकी ६ पृष्ठमा

# बाबुरामको व्यङ्ग्य- राजावादीले पुस्तान्तरण गरेर नातीलाई जुम्ला घुमाए




काठमाडौं- पूर्वप्रधानमन्त्री एवं नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का अध्यक्ष डा. बाबुराम भट्टराईले बहसलाई वैचारिक ढंगबाट अघि बढाउन जरुरी रहेको बताएका छन् ।

शनिबार काठमाडौंमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै उनले अहिले बहस वैचारिक ढंगले भन्दा व्यक्ति केन्द्रित भइरहेको बताए । पुस्तान्तरण हुन जरुरी रहेको तर विचारसहितको पुस्तान्तरण आजको आवश्यकता भएको उनले बताए ।

पुस्तान्तरण मात्रै भन्दा राजावादीहरुले पूर्वराजा ज्ञानेन्द्र शाहका नातीलाई अघि सारेको भन्दै उनले व्यङ्ग्य गरे ।

'बहसलाई वैचारिक ढंगले अघि बढाउनुस्, व्यक्ति केन्द्रित बढी भइरहेको छ । पुस्तान्तरण हुनु त पर्छत तर विचारसहितको पुस्तान्तरण हुनुपर्छ,' भट्टराईले भने, 'पुस्तान्तरण भन्दा राजावादीहरूले समाति हाले । नातीलाई त लगेर घुमाए नि जुम्लामा गएर । त्यो पुस्तान्तरण गरे उनीहरूले । तपाईंहरूको तर्क त्यही कारण हुँदैन । कुरामात्रै गरेर हुँदैन ।

नयाँ विचारसहितको नयाँ पुस्ता आवश्यक रहेको बताउँदै भट्टराईले विविधतायुक्त, आर्थिक, सामाजिक अवस्थालाई माथि उकास्ने गरी अघि बढ्न जरुरी रहेको बताए ।

'नयाँ विचारसहितको नयाँ पुस्ता आवश्यक छ । नेपाल जस्तो देशमा धेरै विविधतायुक्त, आर्थिक, सामाजिक रुपमा पछाडि परेको । भूराजनीतिक रुपबाट चेपुवामा परेको । अहिले देखिहाल्नुभयो, लिपुलेक प्रकरण,' उनले भने, 'सम्पूर्ण देशलाई एकतावद्ध राख्न, छिटो आर्थिक विकास गर्न र सबैलाई न्यायको प्रत्याभुति गराउन अलिकति लेफ्टर्स सेन्टर डेमोक्रेटिक फोर्स चाहिन्छ ।'

# नेपालसँग हवाई सम्पर्क बढाउन भियतनाम सकारात्मक



काठमाडौं- नेपालसँग हवाई सम्पर्क बढाउन र पर्यटन प्रवर्द्धन गर्न भियतनाम सकारात्मक भएको नेपाली अधिकारीले बताएका छन् । भियतनामकी उपराष्ट्रपति भो थी आन्ह सुआन र नेपालका उपराष्ट्रपति रामसहायप्रसाद यादवबीच प्रतिनिधिमण्डलस्तरीय द्विपक्षीय वार्तामा भियतनामका अधिकारीहरुले हवाई सम्पर्क बढाउन र पर्यटन प्रवर्द्धनका लागि सकारात्मक सन्देश दिएका हुन् ।

आइतबार बिहान काठमाडौंको होटल याक एण्ड यतिमा सम्पन्न भेटवार्तामा व्यापार, लगानी, जलविद्युत, पर्यटन र सांस्कृतिक सहकार्यका विषयमा छलफल भएको बैठकपछि आयोजित संयुक्त पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

परराष्ट्र मन्त्रालयका सहसचिव एवम् दक्षिणपूर्वी एशिया प्रशान्त महाशाखाका प्रमुख प्रकाश अधिकारीले वार्तामा नेपाल-भियतनाम सम्बन्ध र अन्तर्राष्ट्रिय सहकार्यका समग्र विषयमा छलफल भएको जानकारी दिए । उनका अनुसार दुवै पक्षले मित्रता, सद्भावना र द्विपक्षीय सम्बन्धलाई बलियो बनाउने प्रतिवद्धता व्यक्त गरेका छन् ।

भेटवार्तामा उच्च तहमा भ्रमण आदानप्रदान, सांस्कृतिक र धार्मिक सहकार्य, पर्यटन प्रवर्द्धनका लागि एयर कनेक्टिभिटी (हवाई सम्पर्क) बढाउनुका साथै व्यापार, लगानी र डिजिटल रूपान्तरणका क्षेत्रमा सहयोग बढाउने विषयमा छलफल भएको अधिकारीले जानकारी दिए ।

'सांस्कृतिक, धार्मिक समानता र बुद्ध धर्म दुवै देशको सम्बन्धको सेतुको रुपमा रहेकाले धार्मिक, सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्नको लागि प्रचुर सम्भावना रहेको कुराबारे पनि छलफल भएको छ,' अधिकारीले भने, 'दुई देशबीच पर्यटन प्रवर्द्धन गर्नका लागि निकट भविष्यमा एयर कनेक्टिभिटी बढाउनका लागि आपसी छलफल गर्ने कुराकानी समेत भएको छ ।' नेपालका उपराष्ट्रपति रामसहायप्रसाद यादवको निमन्त्रणामा » बाकी ६ पृष्ठमा

# सशस्त्र प्रहरी आइजिपीको कडा निर्देशन

काठमाडौं- सशस्त्र प्रहरी महानिरीक्षक (आइजिपी) राजु अर्यालले सीमा क्षेत्रबाट हुने चोरी निकासी पैठारी र अवैध आवतजावत रोक्नका लागि थप कडा गर्न निर्देशन दिएका छन् ।

मंगलबार सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयमा भर्चअल माध्यमबाट सीमा क्षेत्रमा तैनाथ सबै तहका युनिट कमाण्डरहरूलाई सीमा सुरक्षासँग सम्बन्धी विविध विषयमा निर्देशन दिएका हुन् । उनले जवाफदेही र जिम्मेवार बन्न तथा चेनअफ कमाण्डलाई



कायम राख्न मातहत सबै कमाण्डरहरूको उत्तिकै भूमिका हुने बताएका हुन् । सीमा इलाकामा हुने अवैध चोरी तस्करी नियन्त्रणका लागि मुख्यालयले » बाकी ६ पृष्ठमा

# हामीलाई बीआरआई, एमसीसी चाहिन्छ : सुरेन्द्र पाण्डे

काठमाडौं- नेकपा (एमाले)का उपाध्यक्ष सुरेन्द्र पाण्डेले मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) परियोजनामाथि भइरहेका भावनात्मक र तथ्यविहीन विरोधप्रति असहमति जनाएका छन् ।

आइतबार काठमाडौंमा आयोजित एक अन्तरक्रिया कार्यक्रममा बोल्दै उनले पाण्डेले एमसीसी कार्यान्वयनमार्फत नेपालमा अमेरिकी सैनिक अड्डा स्थापना हुने आशंका निराधार भएको टिप्पणी गरे । उनले छिमेकी मुलुकहरूको विदेशी



कुटनीतिबारे स्पष्ट नहुँदा नेपालले सधैं घाटा व्यहोरिरहेको उल्लेख गर्दै अनावश्यक विश्लेषणको आवश्यकता नरहेको पनि स्पष्ट पारे । 'हामीले हाम्रा विश्लेषणहरूमा आफ्ना रियलिस्टिक र आफ्नो देशलाई कसरी हित हुन्छ भन्ने कुरा हेर्नुपर्छ । अहिले हामी कसको पैसा लिने र कसको नलिने भन्ने विषयमा डिमार्केट गर्नसक्छौं ? हुँदैन । हामीलाई बीआरआई पनि चाहिन्छ, एमसीसी पनि चाहिन्छ । सबै पैसा चाहिन्छ नि । सबै किसिमको सहयोगले मात्रै नेपाल बन्न सक्छ । एउटा लिने र एउटा नलिने भन्यौं भने माग्नेलाई तातो भात पाइन्छ,' उनले भने । नेपालले राष्ट्रहितको आधारमा कुनै देशको सहयोग लिने र कुनै देशको सहयोग नलिने भन्न » बाकी ६ पृष्ठमा

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- ५,
२०८२ साल भदौ १० गते मंगलबार
26 AUGUST 2025, TUESDAY

...dfG5]s ;}h]klg sd{no/ cfPsf]xbg} . l ; hg}f
u/]dfq efÜo, ?k ;Gb/ xG5 . dfkg sfsl{

## सम्पादकीय

### नीजि शिक्षा क्षेत्रलाई सार्वजनिकी करण गर ।

नेपालमा दुई खालको शिक्षा नीति छ । यस नीतिलाई विस्थापन गर्न सरकारले छिटो भन्दा छिटो कदम चाल्नुपर्ने देखिन्छ । विश्वका कुनै पनि मुलुकमा दुई खालको शिक्षा छैन । नेपालमा मात्र दुई खालका शिक्षा प्रणालीमा छ । विकसीत राष्ट्रहरूमा सरकारी कोटा नपाएमा मात्र नीजि स्कुल, कलेजमा पढाउने व्यवस्था छ ।

नेपालमा भने उच्च पदस्थका छोराछोरी धनाढ्यका छोराछोरी सरकारी स्कुलमा पढाउने शिक्षक शिक्षिकाको छोराछोरी हुदा हुदा अचेल देखासेखीको लागि नीजि विद्यालयमा मजदुरको छोराछोरी पढाउने मानसिकताको विकास भईरहेको छ । नीजि विद्यालयमा महगो फिस तिर्नुपर्दा सामान्य नागरिकको लागि यो नेपालको लागि चिन्ताको विषय बनेको छ ।

यस्तो चलनलाई नीतिगत रूपमा सुधार गरेर सामुदायिक स्कुल, कलेज र नीजि कलेजको शिक्षा, दिक्षा एकै किसिमको पाठ्यक्रम बनाई एकरूपता ल्याउनुपर्ने आजको आवश्यकता देखिन्छ । यस्ता नीजि विद्यालयहरूलाई सामाजिककरण गर्दै लगेर सरकारको मातहतमा ल्याई विस्तारै सामुदायिक विद्यायलयको रूपमा विकास गर्न सकिने दक्षिण कोरियाको मोडलमा लान सकिने शिक्षा विज्ञहरूले वेला वेलामा सुझाव दिदै आएका छन् ।

नीजि विद्यालयका शिक्षकहरूलाई शुरूमा सरकारले नै तलवभत्ता दिने र विद्यार्थीवाट थोरै मात्रमा शुल्क लिने र विस्तारै सरकारीकरण गर्दै लैजाने मोडलमा लान सकिन्छ भनिएको छ । त्यसैले नीजि क्षेत्रका विद्यालयहरूलाई सामाजिकीकरण गर्न ढिला नगरौ ।

# सत्र साल दोहोरिने आशङ्का



केशव अधिकारी

राणाशासन धेरैजसो आफ्नै कारण अनि केही राजनीतिक दलको दबाबसहितको आन्दोलनको प्रभावले २००७ सालमा ढल्न पुग्यो । १०४ वर्ष लामो राणाशासन पतन भएपछि देशमा प्रजातन्त्र आयो भनियो । सम्पत्तिको थैलो कसेका राणाशासकबाट आफ्नो अधिकार बल्ल फिर्ता पाइयो भन्दै राजा र राजतन्त्र पक्षकाहरू खुशी भए ।

आफूलाई राजनीतिका अप्ठ्यारा खुड्किलामा साथ दिएर निरङ्कुश राणाशासनका विरूद्धमा सघाउने सहयोद्धा मित्रहरू सबैलाई उचित सम्मान र स्थान दिएर संयमताका साथ अगाडि बढ्नुपर्ने तत्कालको अवस्था थियो । त्यति लामो अवधिसम्म राणाशासनको अँध्यारो रातमा बाँचेका आम नेपाली जनताले झन् धेरै आशा राखेका थिए । तर सत्ताको कुर्सीमा पुगेका नेताले अल्लारे केटाकेटीले गर्नेजस्तो व्यवहार गरेर शासन चलाउन थाले ।

मातृका कोइराला र विश्वेश्वर कोइरालाका बीचमा ठूलै सङ्घर्ष हुन थाल्यो । न राजाले चाहेजसरी शासन सम्हाल्न सके, न त जनताले चाहेजसरी काम हुन सके । थोपै काम हुन नसकेपछि नेपाली जनता अझै निराश बन्न पुगे । राजा महेन्द्रले पनि यी कुरा हेर्दै रहे । अन्त्यमा राजनीतिक दलका नेताबाट राजा र जनताले चाहेअनुसारको शासन सञ्चालन हुन नसक्ने रहेछ भन्ने कुरा निश्चय गरेर २०१७ साल पौष १ गते राजनीतिक दलमाथि प्रतिबन्ध लगाएर एकदलीय वा निर्दलीय पञ्चायती व्यवस्था लागू भएको घोषणा गर्न बाध्य भए ।

राजा महेन्द्रले 'कु' गरेर प्रजातान्त्रिक व्यवस्थाको हत्या गरेको भन्ने आरोप आज पनि विभिन्न राजनीतिक दलबाट लाग्ने गरेको छ । नेपाली जनताले चाहेअनुसारको शासन सञ्चालन गर्छौं भनी सत्ताको कुर्सीमा पालैपालो आरोहण गरेका नेताहरू असफल राजनीतिक अभ्यासमा लाग्दै गर्दा अहिले कहीँ-कतैबाट वा पूर्वराजा ज्ञानेन्द्रबाट राजा महेन्द्रले चालेकै कदमको अनुशरण गरियो भने हालका शासकले लगाउने आरोप पनि त्यही प्रकारको हुनेछ ।

उनीहरूले आफू शासन गर्न अक्षम भइयो वा भ्रष्टाचारको दलदलमा भासिएर त्यसबाट मुक्त हुने बाटो खोज्दै नखोजेर देशलाई आर्थिकरूपमा जर्जर बनाएको कारणले 'कु' भएको हो भनेर कुनै हालतमा तीतो यथार्थ प्रकट गर्न सक्ने छैनन् । बरू त्यसको साटो आफूले त सुशासन नै सञ्चालन गरेको हो तर यसरी 'कु' गरेकाले सुशासन गर्ने मौका नै पाइएन भन्नेजस्ता आरोप यी सबै असफल सत्ताधारीहरूको रहनेछ ।

तत्कालीन प्रजातन्त्रपछिको करिब एक दशक लामो प्रजातान्त्रिक अभ्यासले उनीहरूलाई शासन सञ्चालनमा सक्षम बनाउन नसकेको होइन, उनीहरू आफैँले सक्षमता हासिल गर्न चाहेनन् । त्यसको साटो सत्ताकै लम्बेतानमा अल्झेर उनीहरूले आम नेपाली जनताको आर्थिक, सामाजिक आदि अवस्थामा सुधार ल्याउनुपर्ने कुरा अलिकति पनि मनन गरेको पाइँदैन । तत्कालीन प्रजातन्त्रवादीको त्यो मानसिक रोग आजसम्मका प्रजातन्त्रवादी हुँ भनेर गर्वले छाती फुलाउनेहरूले समेत आफल्न सकेका छैनन् मात्र होइन कि तिनको भन्दा यिनको 'पापानी र लोभानी' पनको मात्रा ह्वात्तै बढेर गएको छ ।

कुनै पनि शासकको शासनले जनमानसअनुसारका काम गर्न अक्षम भएर जान्छ भने उसप्रतिको जनताको विश्वास आफैँ टुटेर जान्छ । यो कुरालाई हाम्रा शासकले या त नबुझेरै बसेका छन्, या त बुझेर पनि बुझ पचाइरहेका छन् । हाम्रो देशका पुराना राजनीतिक दलप्रतिको जनताको विश्वास टुटेर गएका कारण आक्रोशित भएको जनमानसले कुनै बेला भेटेमा भौतिक कार्यवाही गर्न बेर लगाउँदैन । यही भयका कारण पुरानो राजनीतिक दलका मानिएका नेताहरू आफैँ निर्धक्क भएर मन लागेका स्थानमा जान सकिरहेका हुँदैनन वा छैनन् ।

१७ सालमा जस्तो अहिले पूर्वराजाले राजनीतिक दलमाथि प्रतिबन्ध लगाउन सक्ने पनि कम सम्भावना रहन्छ । किनभने निर्दलीय पञ्चायती वा अरू जुनसुकै राजनीतिक व्यवस्था भए पनि प्रजातान्त्रिक अभ्यासमा जसरी स्वतन्त्र भएर क्रियाकलाप गर्न खुल्ला वातावरण नहुन वा नमिल्न सक्छ । नेपाली जनता पनि झन्डै डेढ दशकको समयमा प्रजातन्त्रको उपयोग गरेर एक प्रकारले अभ्यस्त भइसकेको अवस्थामा छन् ।

भोलि अर्कै वा एकदलीय व्यवस्था र त्यसैको आडम्बरीपूर्ण गुणगान गाउनुपर्ने अवस्था बनेको खण्डमा अवश्य पनि सह्य वा रूचिकर हुन सक्ने कुरै आउँदैन । यी कारणले गर्दा तत्कालै 'कु' होला कि भन्ने खतरा नरहे पनि जन अपेक्षित काम हुन नसकेको खण्डमा जनतामा फैलिएको निराशा झन्-झन् बढेर जानेछ । बरू 'नहुनु मामाभन्दा कानु मामा निको' जस्तै गरेर पर्खे पनि कतिन्जेल कुर्ने भन्ने चेतनाले पनि सताउन सक्छ ।

हुन त अहिले पनि अधिकांश नेपाली जनताको प्रजातान्त्रिक शासन व्यवस्थाको आस्था र विश्वास दृढरूपमै रहेको छ । त्यति भएर पनि प्रजातन्त्रका शासकहरू करिब कामयावीको स्तरसम्मका पनि नपाइने भएकोले उनीहरूले सुशासनका गफ गर्न जानेका हुन्छन् तर सुशासन कायम गराउन चाहेरै पनि असमर्थ नै रहन्छन् । यही कारणले प्रजातान्त्रिक व्यवस्था असफल भएको जस्तो लाग्ने गर्छ ।

जुनसुकै तरिकाको शासन व्यवस्था भए पनि शासकले उदार बनेर शासन चलाउन सकेको खण्डमा, देशको उन्नति भएर जाने क्रम तीव्र भएका खण्डमा त्यसलाई सफल राजनीति र सफल शासन मानिन्छ । तर हाम्रो देशका एकजना शासक पनि उदार शासकको रूपमा दरिन सक्ने भएर शासन चलाउन नसकेका भएरै आम नेपालीमा (अपवादलाई छोडेर) गणतान्त्रिक शासन व्यवस्थाप्रतिको तृष्णा क्रमशः हराएर जान थालेको छ ।

शासनभन्दा बाहिर रहेको, पूर्वमा शासक बनिसकेको नेता नै विदेशीको इशारामा चलेको हुन्छ । वर्तमान शासक पनि विदेशीको इशारा नभए शासन चलाउन नसक्ने मानसिकता बोकेर बाँच्दै गरेको हुन्छ । आफ्नै दृष्टिकोण र एउटा विश्वासिलो अभ्यासबेगरको शासन गराइले सबैलाई सन्तुलनमा लिएर जान सक्ला भन्ने कुरै हुँदैन । जनताका अपेक्षा पूरा गर्ने त झन् टाढाको कुरा भयो । विदेशीको इशारामा चल्ने शासक जति निरङ्कुश बन्न परे पनि तयार हुन्छ भन्ने कुरो नेपाली जनताले हाल भोग्दै गरेको केपी ओली नेतृत्वको सरकारले देखाउँदै छ ।

१७ सालमा जतिको सजिलो नभए पनि अहिलेको वातावरण हेर्दै जाँदा, प्रधानमन्त्री केपी ओलीले भारतीय प्रधानमन्त्री मोदीलाई रिझाएर केही खुशी तुल्याएका रहेछन् भने उनकै इशारामा नचलेर ओलीलाई सुख छैन । मोदीकै इशारामा चल्दै जाँदा मध्यावधि चुनावको बठ्याइँ झिकेर भए पनि सत्ता सके आफ्नै हातमा नसके पनि देउवा, प्रचण्डमध्येका एकको हातमा थमौती गर्ने सम्भावना छ । मध्यावधिमा गएपछिका दिनमा को जित्ने, को हार्ने भन्ने अनिश्चित अवस्था भएकोले आफूहरूले गरेका अनेक थरीका अनियमित कामका सिलसिलालाई ब्रेक अप गरेर अन्यत्रै सोचाइ पुऱ्याउन सकिने र भ्रष्टाचारका मुद्दालाई ढिसमिस पार्ने प्रयत्नमा लाग्न सकियो भने जीवन सार्थक हुनेछ भन्ने सोचाइ पनि नेतात्रयको हुन सक्छ । यस्तो सोचाइ अधिक मात्रमा केपी ओली अनि शेरबहादुर देउवाको हुन सक्छ ।

केपी ओलीको हकमा भ्रष्टाचारको मुद्दामा उनी एक्लो व्यक्तिविशेषको मात्र सवाल हुन्छ भने देउवाको हकमा देउवा पत्नी आर्जु र कतै छोरो पनि तानिने हो कि भन्ने आशंका हुन सक्छ । एकै परिवारका तीन सदस्य भ्रष्टाचारको मुद्दामा तानिनु र एक व्यक्ति मात्र तानिनुमा निकै फरक तरिका अनि महसुस गराइ पनि हो । यदि हालका प्रधानमन्त्री ओलीले मध्यावधिको नाटक मञ्चन गरिरहँदा ढुलमुले तथा अस्थिर मानसिकता भएका प्रचण्ड कहिलेकहीँ राजाको बारेमा कुरा गर्दै भन्छन्, 'राजा पनि प्रजातन्त्रमा अटाउन सकिन्छ ।' उनले भनेजसरी नै गोप्य तरिकाले पूर्वराजालाई उकासेर 'कु' गर्न उक्साएका खण्डमा अनि दक्षिण र उत्तरका छिमेकीले पनि बलियै आश्वासन पस्केका रहेछन् भने वर्तमान अवस्थामा पनि 'कु' को खतरा यथावत् रहनेछ ।

यदि हाम्रा शासकहरू नैतिकताको ढोकाभित्रै बसेर देश र जनताको उन्नतिको लागि लोभ-मोह त्याग गरेर समर्पित भएका भए विदेशीको इशारामा चल्ने नभई आफ्नै क्षमता, दृष्टिकोणको आधारमा सुशासन स्थापित हुने थियो । नैतिक अनुशासनसँग पूर्वराजालाई पनि केही मात्रामा भए पनि डर लाग्ने थियो । विदेशी पनि मौका हेरेर बस्ने काम हुने थिएन । तर नेपालका नेता हुँ भन्दै अन्टसन्ट भाषणका भरमा नेता बनाइएका अनि छिमेकीको इशारामा नाचेर आफ्नै घरको दैलोमा दिसा गर्ने मानसिकता र व्यवहारका नेताले देशको अवस्था, जनताको दीनहीन अवस्थासँग के सरोकार भयो र ?

चुनाव गराउने खर्च नभए विदेशीसँग ऋण मागेरै भए पनि राम्रो 'खान्तेपिन्ते' गर्न पल्केका नेताले १७ साल दोहोरिन दिन बेर लगाउँदैनन् । यता आम जनताको चाहना भनेको हालको राजनीतिक व्यवस्थालाई सुधार गरेर यसैका साथ अगाडि बढ्नुपर्ने भन्ने धारणा रहेको छ ।

पुराना राजनीतिक दलका पुराना नेताले सत्तामोहलाई काखी च्यापेर जतासुकै भड्खारोमा परोस् भन्ने मानसिकता बोकेका हुनाले त्यस्तो पापले भरिएको मानसिकताका विरूद्धमा आ-आफ्नै राजनीतिक दलका सहयोद्धाहरूले आवाज उठाइरहेका छन् । उदाहरणको रूपमा प्रधानमन्त्री केपी ओलीको विरूद्धमा विद्या भण्डारीको दह्रो उपस्थिति हुँदै छ । नेपाली काङ्ग्रेसतिर पनि उस्तै अवस्था सिर्जना भएको छ । पुराना पुस्ताको स्थानमा नयाँ पुस्ताको आगमन हुनु केही मात्रामा भए पनि आशावादी बनिने अवस्था हो । तथापि अन्त्यमा गएर आ-आफ्ना आवाजलाई क्रमशः फितलो बनाएर विरोध गरिएकैसँग लपक्क टाँसिने होइन भन्ने कुराले भने हर्दम झस्काएकै हुन्छ । यो केवल झस्काइ मात्र होइन कि सचेत बन्ने संकेत पनि फर्मान गरेको हो ।

नेपाली राजनीतिमा भरोसा गरिएको पात्रले भरोसायोग्य काम गर्न नसकेर पटक-पटक धिक्कार्नँपरिरहेको छ । नेपाली जनताको भनाइलाई नेतावर्गले आत्मसात् गर्ने हो भने मध्यावधि चुनावमा जानु कति पनि ठीक होइन । अनि 'कु' गरेर निरङ्कुशता लादिने गरी कदम चाल्नु कति पनि ठीक काम होइन । त्यसैले हालको राजनीतिक व्यवस्थालाई नै सुदृढ बनाउँदै लैजाने काम गर्नँ, त्यसैभित्र विविध सम्भावनाका ढोका पहिचान गरेर देशलाई निर्लोभिताका साथ अगाडि बढाउने काममा शासक र आम जनता लाग्न सके १७ साल दोहोरिने अवस्था कहिल्यै आउने छैन ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# अनुदान रकम माग्दै काठमाडौंमा आन्दोलन



काठमाडौं- सरकारले निर्धारण गरेको अनुदान रकम उपलब्ध नगराएको भन्दै तराई-मधेशका उखु किसानहरूले काठमाडौं केन्द्रित प्रदर्शन थालेका छन् ।

सरकारले बजेट अभाव देखाउँदै किसानलाई दिँदै आएको अनुदान रकम प्रतिक्विन्टल ७० रूपैयाँबाट आधा घटाएर ३५ रूपैयाँमा झार्ने निर्णय गरेपछि किसानहरूले काठमाडौं केन्द्रित आन्दोलन थालेका हुन् ।

उनीहरूले सरकारले प्रतिक्विन्टल ७० रूपैयाँको दरले अनुदान तत्काल भुक्तानी गर्नपर्ने माग राखेका छन् । महासंघका संयोजक श्यामबाबु रायका अनुसार चिनी उद्योगहरूले किसानलाई दिनुपर्ने प्रतिक्विन्टल ५८५ रूपैयाँ भुक्तानी गरिसकेका छन्, तर सरकारले दिने कबुल गरेको अनुदान नपाउँदा किसानहरू सडकमा उत्रिन बाध्य भएका हुन् । 'सरकारले हाम्रो उखुको रेट तय गरेर आजको दिनमा एकाएक मनोमानी ढंगले हटाउन मिल्दैन,' संयोजक रायले भने, 'राज्य आफैंले उखुको भाउ निर्धारण गर्छ, अनि अहिले पैसा नदिएर सुख पाउँछ ? हामी किसान मर्दैनौं ?'

उनका अनुसार आन्दोलनमा कोशीदेखि सुदूरपश्चिम प्रदेशसम्मका किसानहरूको सहभागिता छ । विशेषगरी सिराहा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा र नवलपरासीका करिब ५०० देखि ६०० किसानहरू प्रदर्शनमा सहभागी भएको रायले जानकारी दिए । उनीहरू हाल सिंहदरबार क्षेत्र हुँदै माइतीघरतर्फ बढिरहेका छन् ।

महासंघले तत्कालका लागि चार दिने आन्दोलन कार्यक्रम घोषणा गरेको छ । 'यदि सरकारले हाम्रो माग आजै पूरा गर्छ भने हामी एकै दिनमा आन्दोलन फिर्ता लिन तयार छौं,' रायले भने, 'तर, यदि चार दिनभित्र पनि माग पूरा भएन भने हामी अर्को चरणको कार्यक्रम घोषणा गर्छौं । जबसम्म माग पूरा हुँदैन, हामी आन्दोलन छोड्नेवाला छैनौं ।'

किसानहरूले आफ्नो माग पूरा नभएसम्म काठमाडौं नछोड्ने र शान्तिपूर्ण प्रदर्शनलाई निरन्तरता दिने बताएका छन् । सरकारले बजेट अभाव भएको र स्रोत जुटाउन नसकिएको भन्दै किसानलाई प्रतिक्विन्टल उखुमा दिँदै आएको ७० रूपैयाँ बराबर अनुदान आधा घटाएर ३५ रूपैयाँमा झारेको छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले उखु किसानलाई गत वर्ष दिएकै सरह प्रतिक्विन्टल अनुदान ७० रूपैयाँ तोकेर मन्त्रिपरिषदमा प्रस्ताव पठाएको थियो । तर, मन्त्रिपरिषद्ले उक्त प्रस्ताव अनुमोदन नगरेर किसानको अनुदान कटौती गरी ३५ रूपैयाँ दिने प्रस्ताव स्वीकृत गरेको थियो । सरकारले अनुदान कटौतीको रकम मान्य नहुने भन्दै किसानले आपत्ति जनाउँदै आएका थिए ।

आर्थिक वर्ष २०८१/८२ मा देशका १३ वटा चिनी मिलमा किसानहरूले २ करोड १५ लाख क्विन्टल उखु बिक्री गरेका थिए । यसअनुसार सरकारले किसानलाई करिब १ अर्ब ६० करोड रूपैयाँ भुक्तानी दिन बाँकी छ ।

# अब फोन गरेरै बाढीसम्बन्धी पूर्वसूचना दिइने




काठमाडौं- जल तथा मौसम विज्ञान विभागले बाढीसम्बन्धी पूर्वसूचनालाई थप प्रभावकारी बनाउनका सर्वसाधारणलाई फोन गरेरै जानकारी दिने भएको छ ।

विभागले यसका लागि 'भ्वाइस कल' सेवा सुरू गर्ने तयारी गरेको हो । बाढी आउने खतरा देखिएमा एसएमएसमार्फत सन्देश प्रवाह गर्दै आएको विभागले अबदेखि भने 'भ्वाइस कल'मार्फत पनि पूर्वसूचना सम्प्रेषण गर्ने तयारी थालेको हो । विभागका बाढीविद् विनोद पराजुलीले नेपाल टेलिकमसँगको सहकार्यमा विभागले यही सातादेखि परीक्षणका रूपमा 'भ्वाइस कल'मार्फत सूचना प्रवाह गर्ने तयारी गरिरहेको जानकारी दिए । 'मोबाइल एसएमएस सबै लक्षित वर्गमा पठाएर बाढीबाट हुने धनजनको क्षति न्यूनीकरण प्रयास गर्दै आएका थियौं । तर सबै जनताले एसएमएस आएको थाहा नपाउन सक्छन् वा सबैले एसएमएस पढ्न सक्दैनन्,' उनले भने, 'त्यसैले फोन नै गरेर सन्देश प्रवाह गर्ने तयारी गरेका हौं ।'

एकैपटक धेरैलाई 'भ्वाइस कल' गर्दा सेवा अवरूद्ध कति हुन्छ ? भन्ने विषयमा थप परीक्षण गर्दैछौं । यही साता परीक्षण गर्ने तयारीका साथ छलफल भइरहेको छ ।' पराजुलीका अनुसार बाढीसम्बन्धी पूर्वसूचना उपलब्ध गराएपछि बाढीबाट हुने धनजनको क्षति न्यूनीकरण हुन थालेको छ। पूर्वसूचनालाई थप प्रभावकारी बनाउन पूर्वतयारी तथा पूर्वसूचनामा थप लगानी आवश्यक पर्ने उनको भनाइ छ ।

'पछिल्लो समय पूर्वसूचनाका कारण धनजनको क्षति न्यून भएको छ। पहिला-पहिला तराईमा बाढीका कारण बढी क्षति पुग्थ्यो । पूर्वसूचना प्रणाली पनि तराईका नदीमा जडान भएका छन्,' पराजुलीले भने, 'तर पहाड र हिमाली क्षेत्रमा पूर्वसूचना प्रणाली कम छन् । बाढीका घटना पहाड र हिमालमा पनि हुन थालेकाले अब ती क्षेत्रमा पनि पूर्वसूचना प्रणाली जडान गर्न आवश्यक छ ।'

जलवायु तथा विपद् व्यवस्थापनविद् डा.धर्मराज उप्रेतीले पनि जलवायु परिवर्तनको असरका कारण बाढीको घटना अब तराई केन्द्रित मात्र नभइ हिमाल तथा पहाडी क्षेत्रमा बढ्दै गएको भन्दै सोअनुसार अनुकूलनका कार्यक्रम सञ्चालन गर्न आवश्यक रहेको बताए । 'बाढीबाट हुने धनजनको क्षति न्यूनीकरण गर्न पूर्वसूचनाको पहुँच अब सबै क्षेत्रमा हुनुपर्छ', उनले भने । उप्रेतीका अनुसार जलवायु परिवर्तनका कारण हिमताल फुट्ने जोखिम बढिरहेको छ र जसका कारण एक्कासि बाढी आउँदा धनजनको क्षति हुन थालेको छ ।

# वीरगञ्जको हैजा नियन्त्रणमा जुट्न सुरक्षा निकायलाई गृहमन्त्रीको निर्देशन

काठमाडौं- गृहमन्त्री रमेश लेखकले वीरगञ्जमा फैलिएको हैजाको प्रकोप नियन्त्रणका लागि सुरक्षा निकायलाई तयारी अवस्थामा रहन निर्देशन दिएका छन् ।

आइतबार मन्त्रालयमा भएको केन्द्रीय सुरक्षा समितिको बैठकमा गृहमन्त्री लेखकले नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई आवश्यक परे परिचालित हुन सक्ने गरी तयारी अवस्थामा रहन निर्देशन दिएका हुन् ।

'चिकित्सकसहितको मेडिकल टोली आवश्यक परे परिचालन गर्ने गरी तयारी रहन मन्त्रीज्यूबाट निर्देशन भएको छ', बैठकपछि गृहका प्रवक्ता एवं सहसचिव आनन्द काफ्लेले भने, 'सोही अनुसार सुरक्षा निकाय पनि तयारीमा जुटिसकेको छ ।'

बैठकमा गृहसचिव गोकर्णमणि दुवाडी सहित सुरक्षा निकायका प्रमुख एवं प्रतिनिधी सहभागी थिए । साथै बैठकमा मुलुकभरको शान्ति सुरक्षाको समीक्षा गरिएको प्रवक्ता काफ्लेले बताए । 'विभिन्न माग राखि भइरहेका धर्ना, जुलुश, आन्दोलन तथा अवाञ्छित गतिविधीहरूलाई मध्यनजर गरी प्रभावकारी सुरक्षा व्यवस्था मिलाउने विषयमा पनि छलफल भएको छ,' प्रवक्ता काफ्लेले भने, 'मुलुकभरको शान्ति सुरक्षाका विषयमा गहन समीक्षा भयो ।'



/fdþfk 8fo/L

# गोकुलगंगा गाउँपालिका स्वमूल्यांकनमा पहिलो



काठमाडौं- रामेछापको ८ स्थानिय तहहरूमध्ये स्थानीय तह स्वमूल्यांकन(लिजा) मा गोकुलगंगा गाउँपालिका पहिलो भएको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले शुक्रवार सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनमा गोकुलगंगा गाउँपालिका ८२ अंक प्राप्त गर्दै प्रथम भएको हो । आर्थिक वर्ष २०७९/०८० को स्वमूल्यांकनमा गोकुलगंगा गाउँपालिकाले ४६ अंक मात्रै पाएको थियो । उक्त अंक सुधार गर्दै यो वर्ष जिल्लाका सबै स्थानीय तहलाई पछि पार्दै प्रथम भएको हो ।

त्यस्तै मन्थली नगरपालिकाले ८१.२५ अंक प्राप्त गरेको छ । मन्थली नगरपालिका दोस्रो भएको छ । यो वर्ष दोस्रो भएको मन्थली नगरपालिकाको अघिल्लो वर्ष अर्थात् २०७९/०८० मा ७४.५० अंक मात्रै पाएको थियो । अघिल्लो वर्षको तुलनामा मन्थलीले यो वर्ष पनि आफ्नो अंकमा सुधार गरेको छ ।

स्वमूल्यांकनमा सुनापति गाउँपालिका ७९.५० अंक प्राप्त गरेको छ । उक्त अंक अनुसार सुनापति गाउँपालिका अन्य स्थानीयत तहको तुलनामा तेस्रो भएको छ । आर्थिक वर्ष २०७९/०८० मा ७४.२५ अंक प्राप्त गरेको सुनापतिले यो वर्ष स्वमूल्यांकनमा आफूले पाउने अंकमा सुधार गरेको हो ।

रामेछाप नगरपालिकाले ६६.५० अंक प्राप्त गरेको छ । रामेछाप नगरपालिका चौथो भएको छ । अघिल्लो आर्थिक वर्ष अर्थात् २०७९/०८० मा ७१.५० अंक पाएको रामेछाप नगरपालिकाले यो वर्ष अर्थात् आर्थिक वर्ष २०८०/०८१ मा ६६.५० अंक मात्रै पाएको छ । अघिल्लो वर्षको तुलनामा रामेछाप नगरपालिकाले यो वर्ष कम अंक पाएको छ ।

उमाकुण्ड गाउँपालिकाले पनि आर्थिक वर्ष २०७९/०८० मा पाएको अंक भन्दा कम अंक पाएको छ । आर्थिक वर्ष २०७९/०८० मा पाएको अंक ७० अंक पाएको उमाकुण्डले आर्थिक वर्ष वर्ष २०८०/०८१ मा ६३ अंक मात्रै पाएको छ । यो वर्ष पाएको अंकलाई अन्य स्थानीय तहसँग तुलना गर्दा उमाकुण्ड गाउँपालिका पाँचौं स्थानमा पुगेको छ ।

जिल्लाको खाँडादेवी गाउँपालिकाले ६२.७५ अंक पाएको छ। खाँडादेवीको अघिल्लो वर्ष अर्थात् आर्थिक वर्ष २०७९/०८० मा पाएको अंक भन्दा यो वर्ष वृद्धि भएको छ । अन्य स्थानीय तहसँग तुलना गर्दा खाँडादेवी गाउँपालिका छैठौं स्थानमा देखिएको छ ।

जिल्लाको अर्को गाउँपालिका लिखुतामाकोशीले ५६ अंक प्राप्त गरेको छ । अघिल्लो वर्षको तुलनामा लिखुतामाकोशीले आफूले पाएको अंकमा सुधार गर्न सफल भएको छ । अघिल्लो वर्ष अर्थात् आर्थिक वर्ष २०७९/०८० मा लिखुतामाकोशी गाउँपालिकाले ४७.७५ अंक मात्रै पाएको थियो । ८ स्थानीय तहसँग तुलना गर्दा लिखुतामाकोशी गाउँपालिका सातौ स्थानमा रहेको छ ।

आर्थिक वर्ष २०७९/०८० मा ६१.२५ अंक पाएको दोरम्बा शैलुङ्ग गाउँपालिकाको यो वर्ष अर्थात् आर्थिक वर्ष २०८०/०८१ नतिजामा मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कमा गाउँपालिकाको नाम नै समावेश गरिएको छैन ।

# ११ कम्पनी कालोसूचीमा




काठमाडौं- प्रधानमन्त्री कार्यालय मातहतको सार्वजनिक खरिद अनुगमन कार्यालयले सोमबार सार्वजनिक सूचना जारी गरी ११ कम्पनीलाई कालो सूचीमा राखेको हो ।

कालोसूचीमा परेका कम्पनीहरूमा होमबहादुर बस्नेत मुख्य व्यक्ति रहेको विशाल होम निर्माण सेवा उदयपुर, सुन्दर श्रेष्ठ मुख्य व्यक्ति रहेको जलेश्वरी महादेव यासवि कन्स्ट्रक्सन बूढानीलकण्ठ काठमाडौं, मयंक शाह मुख्य व्यक्ति रहेको सगुन फेब्रिक्स प्राइभेट लिमिटेड मोरङ लगायत छन् ।

यसैगरी रामबहादुर बुढा मुख्य व्यक्ति रहेको शुभ आर.एस. बिल्डर्स सप्लायर्स बाँके, छत्रबहादुर बुढा मुख्य व्यक्ति रहेको नविन निर्माण सेवा अछाम, मिथुन चन्द मुख्य व्यक्ति रहेको जे.एम.सी कन्स्ट्रक्सन प्रालि सुर्खेत, माधव घिमिरे मुख्य व्यक्ति रहेको कास्यम निर्माण सेवा एण्ड सप्लायर्स काठमाडौं पनि कालोसूचीमा परेका छन् ।

यस्तै कृष्णकुमार राई मुख्य व्यक्ति रहेको ग्यालेक्सी कन्स्ट्रक्सन एण्ड सप्लायर्स कम्पनी प्रालि काठमाडौं, सिताराम श्रेष्ठ मुख्य व्यक्ति रहेको जालपा निर्माण सेवा एण्ड सप्लायर्स काठमाडौं, कर्णबहादुर बुढा मुख्य व्यक्ति रहेको मष्टा भवानी निर्माण सेवा डोल्पा र सहिदिन मियाँ मुख्य व्यक्ति रहेको शहीद निर्माण सेवा अर्घाखाँची पनि कालोसूचीमा परेका छन् ।

कास्यप निर्माण सेवा एण्ड सप्लायर्स दुई वर्षका लागि, मष्टा भवानी निर्माण सेवा डेढ वर्षका लागि र अन्य सबै एक वर्षका लागि कालोसूचीमा परेका छन् ।

कालोसूचीमा परेका कम्पनीहरूले कालोसूचीमा परेको अवधिभर सार्वजनिक निकायका कुनै पनि खरिद प्रक्रियामा भाग लिन पाउँदैनन् ।

# रेस लामा भनिने गोपाल मोक्तान पक्राउ



काठमाडौं- गुण्डागर्दीमा संलग्न भएको आरोपमा प्रहरीले 'रेस लामा' भनिने गोपाल मोक्तानलाई पक्राउ गरेको छ ।

उनलाई काठमाडौंको चाबहिलस्थित 'ए वान क्याफे'बाट आइतबार राति प्रहरी वृत्त गौशालाले पक्राउ गरेको हो । उनीमाथि एकजनालाई कुटपिट गरेको आरोप छ । त्यसैले प्रहरीले अभद्र व्यहारको कसुरमा पक्राउ पुर्जी लिएर मोक्तानलाई पक्राउ गरेको हो । यसअघि तरबारले केक काटेको आरोपमा पनि उनी पक्राउ परेर छुटेका थिए ।

# टेलिकमको बिलिङ ठेक्कामा 'पेनड्राइभ'बाट डकुमेन्ट पेस




काठमाडौं- नेपाल टेलिकमको बिलिङ प्रणालीको ठेक्कामा चिनियाँ कम्पनी हुवावेलाई सार्वजनिक खरिद ऐन विपरीत 'फेबर' गरेको पाइएको छ ।

अनलाइनबाट भरेको आवेदनमध्ये करिब आधा खाली भए पनि 'पेनड्राइभ'मा बुझाउने सुविधा दिएर हुवावेलाई 'फेबर' गरिएको हो । टेलिकमले पछिल्लो पटक गत चैत ५ गते बिलिङ प्रणाली खरिदका लागि नयाँ टेन्डर निकालेकामा वैशाख २४ गते दिउँसो १२ बजेसम्म चिनियाँ कम्पनी हुवावे र ह्वेल क्लाउडले आवेदन हालेका थिए ।

टेलिकम उच्च स्रोतका अनुसार हुवावेले ठेक्काका लागि आवेदन दिंदा अनलाइनमार्फत बुझाएको २२०० पेज डकुमेन्टमध्ये ११५० पेज खाली(फूल्ली ब्ल्यांक) भेटिएको थियो । दुईमध्ये हुवावेको डकुमेन्ट खाली भए पनि टेलिकम उच्च व्यवस्थापनले ठेक्का प्रक्रिया अघि बढाउन दबाब दिएको स्रोतले बतायो । हुवावेलाई ठेक्का जसरी पनि दिलाउने योजना अनुसार 'पेनड्राइभ'मा 'डकुमेन्ट' मागिएको स्रोतले बतायो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय अन्तर्गतको सार्वजनिक खरिद अनुगमन कार्यालयको सिस्टमबाट डकुमेन्ट डाउनलोड गर्दा खाली भेटिएको ४/५ दिनपछि हुवावेसँग 'पेनड्राइभ'मा डकुमेन्ट मागिएको हो ।

'कुनै पनि ठेक्काका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय अन्तर्गतको सार्वजनिक खरिद अनुगमन कार्यालयको पोर्टलमा गएर डकुमेन्ट सबमिट गर्नुपर्छ । हुवावेले २२०० पेज डकुमेन्ट पेस गरेको थियो । त्यो डकुमेन्ट टेलिकमको मूल्यांकन समितिले डाउनलोड गरेर हेर्दा ११५० खाली भेटियो,' स्रोतले भन्यो, 'त्यसपछि हामीले यो डकुमेन्टका आधारमा इभ्यालुएसन प्रोसेस रोक्नुपर्छ भनेका थियौं । तर पेनड्राइभमा मागेर प्रक्रिया अगाडि बढाउन लगाइयो ।'

टेलिकमका एक कर्मचारीका अनुसार 'पेनड्राइभ'मा मगाइएको डकुमेन्टका आधारमा मूल्यांकन समितिले प्राविधिक प्रस्तावमा हुवावेलाई छनोट गरेको छ । 'रद्द नै गर्नुपर्ने यो ठेक्कालाई मनपरी हिसाबले अगाडि बढाइएको छ,' टेलिकमा एक कर्मचारीले भने, 'केही दिनभित्रै वित्तीय प्रस्तावका लागि सूचना निकाल्ने तयारी भइरहेको छ ।'

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले बिलिङ प्रणालीमा मुद्दा दायर गरिसकेको पृष्ठभूमिमा ठूलो आँट गरेर फेरि छलछाम गरिएको छ ।

'बिलिङको ठेक्कामा यसअघि प्रबन्ध निर्देशक लगायतमाथि ३३ करोडको मुद्दा चलेका कारण यसपालि अलि हच्किनुपर्ने हो । तर, कुनै डर देखिएन । यसले माथिबाटै मिलेमतो भएको आशंका गर्ने आधार बनेको छ,' ती कर्मचारीले भने ।

टेलिकम बिलिङ ठेक्कामा एमडी अर्यालविरूद्ध साढे ३३ करोड बिगोसहित मुद्दा, नेताको छोराको खातामा भेटिएको थियो ६ करोड

अख्तियारले ३३ करोड ४८ लाख १७ हजार रूपैयाँ बिगो कायम गरी टेलिकमकी प्रबन्ध निर्देशक अर्याल, यसअघिका प्रबन्ध निर्देशक सुनिल पौडेल लगायत १८ जनालाई प्रतिवादी बनाएर गत जेठ २५ गते भ्रष्टाचार मुद्दा दायर गरेको थियो ।

२०८० पुसमा सवा ३ अर्ब रूपैयाँमा पाँच वर्षका लागि एसिया इन्फोलाई बिलिङ प्रणालीको ठेक्कामा निरन्तरता दिने निर्णयमा भ्रष्टाचार भएको भन्दै अख्तियारले मुद्दा दायर गरेको हो ।

बिलिङ प्रणालीको ठेक्कामा छलछाम भएको विषयमा टेलिकमका प्रवक्ता रविन्द्र मानन्धरले मूल्यांकन समितिले गरिरहेको प्रक्रिया गोप्य हुने भएकाले आफूलाई जानकारी नहुने बताए । 'मूल्यांकनको चरणमा सबै प्रक्रिया गोप्य हुन्छन् । हामीलाई थाहा हुँदैन,' उनले बिजमाण्डूसँग भने ।

टेलिकमले बिलिङ प्रणाली खरिदका लागि यसअघि २०८० चैत १८ गते ठेक्का आह्वान गरेको थियो । टेलिकम नेतृत्वकै चाहनाअनुरूप टेन्डरलाई जानीबुझी विवादित बनाउने काम भएको थियो ।

अमेरिकी डलरको चार वर्षअघिको पुरानो भाउदेखि अन्य विवादित हुन सक्ने विषय राखेर टेलिकमले ठेक्का निकालेपछि भेन्डरहरू प्रस्ताव हाल्नै हच्किएका थिए ।

चार पटकसम्म ठेक्काको म्याद थप्दा अमेरिकी कम्पनी सीएसजीले मात्रै प्रस्ताव पेस गरेको थियो । बिलिङ प्रणालीमा नयाँ प्लेयर छिर्न नदिन जानाजान विवादित बनाइएको ठेक्का टेलिकमले अन्ततः २०८१ असोज २२ गते रद्द गरेको थियो ।

'पेनड्राइभमा माग्न मिल्दैन'

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय अन्तर्गतको सार्वजनिक खरिद अनुगमन कार्यालयले ठेक्काका लागि आवेदन बुझाएको कम्पनीसँग कुनै डिभाइसमा डकुमेन्ट माग्न नमिल्ने स्पस्ट पारेको छ ।

पोर्टलमा कुनै समस्या भएमा कार्यालयले डकुमेन्ट माग्न सक्ने तर ठेक्का निकाल्ने संस्था वा कम्पनीले माग्न नमिल्ने कार्यालयका एक कर्मचारीले बताए ।

'त्यसरी डकुमेन्ट माग्ने हो भने अनलाइन बिडिङको के काम?,' उनले भने, 'त्यसरी कुनै संस्थाले मागेको छ भने ठेक्का प्रक्रिया नै रद्द गर्नुपर्छ ।'

हुवावे बिलिङ प्रणालीको ठेक्का लिनका लागि एउटा स्वार्थ समूहसँग मिलेको स्रोतले बतायो । बिलिङ प्रणालीसँगै फाइभजीसम्म पुग्ने योजनासहित हुवावे र त्यो स्वार्थ समूहले प्लट बनाएका हुन् ।

सुरूमा बिलिङको ठेक्का लिने र त्यसपछि फाइभजीका लागि सँगसँगै लैजान माहोल तयार पार्ने सहमति भएको छ । विगतमा पनि निश्चित योजना बनाएर सुनिल पौडेललाई प्रबन्ध निर्देशक बनाइएको थियो ।

# नेपाल बैंक र न्युरो कार्डियो हस्पिटल प्र.लि.बीच सम्झौता



काठमाडौं- नेपालकै पहिलो, भरपर्दो र स्थापित नेपाल बैंक लिमिटेड र मोरङ जिल्लाको विराटनगर नगरपालिका वडा नं. १० स्थित न्युरो कार्डियो एण्ड मल्टिस्पेसियालिटी हस्पिटल प्रा.लि बीच सम्झौता भएको छ ।

नेपाल बैंक र अस्पतालबीच अस्पतालले प्रदान गर्ने विविध स्वास्थ्य सेवामा लाग्ने शुल्कमा विशेष छुट प्रदान गर्ने सम्बन्धि सम्झौता भएको हो । सो सम्झौताबमोजिम नेपाल बैंकका कर्मचारीहरू र ग्राहक वर्गलाई अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाहरूको बिल रकममा अवस्था हेरी ५ देखि ५० प्रतिशतसम्म छुट दिने व्यवस्था गरेको बैंकद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । यहि भाद्र २ गते बैंक र अस्पताल प्रा.लि.बीच भएको सो सम्झौतापत्रमा बैंकको तर्फबाट कोशी प्रादेशिक कार्यालय प्रमुख सूर्य प्रकाश भट्ट र न्यूरो कार्डियो एण्ड मल्टिस्पेसियालिटी हस्पिटल प्रा.लि.को तर्फबाट अस्पतालका निर्देशक राजेश भट्टराईले संयुक्त हस्ताक्षेर गरेको थिए ।

नेपाल बैंक लिमिटेड पुरानो र भरपर्दो भएकाले देशका सुगमदेखि दूर्गम जिल्ला, क्षेत्र र स्थानीय तहसम्म शाखा सञ्चाल फैलिएको छ । पुरानो, भरपर्दो र गुणस्तरीय सेवाप्रवाहका कारण ग्राहक वर्गमा नेपाल बैंकको आकर्षण बढ्दो छ ।

# एनएसीको न्यारोबडी जहाज तीन सातापछि रिलिज




काठमाडौं- नेपाल वायुसेवा निगम (एनएसी)का दुवै न्यारोबडी जहाज सञ्चालनमा आएका छन् । इन्जिन मर्मतपछि दुवै जहाज सञ्चालनमा आएको निगमका प्रवक्ता सुवास डाँगीले जानकारी दिए ।

'९ एन एकेडब्लू र ९ एन एकेएक्स कलसाइनका जहाजको प्राविधिक समस्या समाधान भएको छ । ९ एन एकेएक्स जहाज आइतबार रिलिज भएको छ भने अर्को जहाजले उडान गर्न थालिसकेको छ,' डाँगीले भने ।

इन्जिनभित्र गियरबक्समा समस्या देखिएपछि ९ एन एकेएक्स कलसाइनको साउन २० गतेदेखि ग्राउण्डेड भएको थियो । अर्को न्यारोबडी जहाज पनि भदौ ४ गते राति अचानक ग्राउण्डेड भएको थियो । निगमको न्यारोबडी जहाजको इन्जिन बनाउन करिब दुई वर्ष लागेको छ । न्यारोबडी जहाजमा अहिले रहेको इन्जिन भाडाको हो । आफ्नै इन्जिन मर्मतका लागि निगमले २०८० मंसिर १५ गते इजरायल एरोस्पेस इन्डस्ट्रिज (आईएआई)मा पठाएको थियो । 'आईएआईबाट इन्जिन बनेको खबर आएको छ ।

# CEXIM द्धारा सानिमा बैंक लिमिटेडलाई नेपालका लागी एजेन्ट बैंकको रूपमा नियूक्त

काठमाडौं- The Export and Import Bank of China (CEXIM) बैंकले सनिमा बैंक लिमिटेड लाई मनाङ मर्स्याङ्दी हाइड्रोपावर प्रा.लि (१३५ मेघावाट)-१ र लाङटाङ भोटेकोशी हाइड्रोपावर प्रा.लि (१२० मेघावाट) -१ समेत २ जलबिद्युत आयोजनाका लागि वित्तीय सहजिकरण मध्येस्थकर्ताको रूपमा कार्य गर्न नेपालका लागि एजेन्ट (AGENT) बैंक नियूक्त गरेको छ ।

तद्अनुसार (CEXIM) बैंकको चिन स्थीत Sichuan शाखामा आयोजित एक विशेष कार्यक्रममा सानिमा बैंक लिमिटेड र (CEXIM) बिच सम्झौतामा हस्ताक्षर गर्ने कार्य सम्पन्न भएको छ ।

उक्त सम्झौतामा सानिमा बैंक (एजेन्ट बैंक)का तर्फवाट प्रमुख निक्षेप अधिकृत श्री हेम राज सञ्ज्याल र CEXIM को तर्फवाट CEXIM शाखाकी उपाध्यक्ष क. Sichuan ले हस्ताक्षर गर्नूभएको छ । उक्त विशेष कार्यक्रममा सानिमा बैंकका प्रमुख कार्यकारी अधिकृत निश्चल राज पाण्डे, Ms. Wu Yanhui बैंक CEXIM शाखाका अध्यक्ष Mr. Liao Bin, र इन्टरनेशनलका अध्यक्ष CEXIM समेतको उपस्थिति रहेको थियो ।

सो समारोहलाई सम्बोधन गर्दै सानिमा बैंकका प्रमुख कार्यकारी अधिकृत श्री निश्चल राज पाण्डेले एजेन्सी बैंकको रूपमा कार्य गर्न सानिमा बैंकलाई विश्वास गरी छनौट गर्नुँ भएकोमा सबै सरोकारवालाहरू प्रति आभार व्यक्त गर्नुँभयो । साथै, CEXIM बैंक संगको महत्वपूर्ण सहकार्यले सानिमा बैंकको अन्तराष्ट्रिय ब्यापार सम्बन्ध विस्तार भई व्यापार प्रबर्द्धनमा टेवा पुर्‍याउने विश्वास व्यक्त गर्नुँभयो ।

उहाँले उर्जा जलबिद्युत, व्यापार पूर्वाधार, लगाएतका क्षेत्रमा यस्ता सहकार्यले नेपालका लागि महत्वपूर्ण योगदान गर्ने अपेक्षा समेत व्यक्त गर्नुँभयो । त्यसैगरी CEXIM र मुख्य लगानीकर्ता कम्पनीका प्रतिनिधिहरूले परियोजना समयमै सम्पन्न गर्न सहजिकरण गर्ने संयुक्त प्रतिबद्धता व्यक्त गर्नुँभयो ।

उक्त कार्यको लागी सानिमा बैंकको भुमिका महत्वपूर्ण हुने कुरा व्यक्त गर्दै यी परियोजनावाट प्राप्त अनुभवबाट भविश्यमा अन्य क्षेत्रमा पनि यस किसिमका सहकार्य गर्न उक्त परियोजनाहरू कोशेढुंगा सावित हुने विचार व्यक्त गर्नुँभयो । साथै, यी परियोजना सफल बनाउन हाल सम्मकै ठुलो परिमाणमा चाईनिज मुद्राको अर्न्तरदेशीय कारोवार नेपालमा भित्राउन सानिमा बैंक सफल भएको छ र यस्ता कार्यले आगामी दिनमा बैंकको कार्य क्षमता बढ्ने र राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा सानिमा बैंकको साख बृद्धिहुने तथा देशको दिगो बिकासमा महत्वपूर्ण टेवा पुर्‍याउने देखिन्छ ।

# नबिल बैंक 'युरो मनी अवार्ड फर एक्सिलेन्स, २०२५ बेस्ट बैंक फर सस्टेनेबल फाइनान्स'बाट सम्मानित

काठमाडौं- नेपालको अग्रणी बैंक नबिल बैंक लिमिडेटले 'युरो मनी अवार्ड फर एक्सिलेन्स, २०२५: बेस्ट बैंक फर सस्टेनेबल फाइनान्स' अवार्डबाट सम्मानित भएको छ ।

युरो मनी म्यागजिनद्वारा स्थापित यो अवार्ड बैंकिङ क्षेत्रको एक प्रतिष्ठित अन्तर्राष्ट्रिय अवार्ड हो । नबिलले वार्षिक रूपमा गरेका दिगो बैंकिङका विभिन्न कार्यक्रमको उच्च मूल्याङ्कन गर्दै उक्त अवार्ड प्रदान गरिएको हो । बैंकले ग्राहकहरूलाई उपलब्ध गराउँदै आएको बैंकिङ सेवा, प्रविधिको प्रयोग, दिगोपना क्षेत्रमा गरेको पहल लगायतका आधारमा उक्त अवार्ड प्रदान गरिएको बैंकले जनाएको छ ।

यो अवार्डलाई बैंकिङ क्षेत्रको मापदण्ड र अन्तर्राष्ट्रिय मान्यता र विश्वसनीयताको आधारका रूपमा पनि लिइन्छ । नबिल बैंकले विगत पाँच वर्षदेखि नेपालको दिगो विकास लक्ष्य -एसडिजी)लाई आत्मसात गर्दै आफ्नो कारोवारमा वातावरणीय, समाजिक र सुशासन सम्बन्धित सिद्धान्त अंगिकार गर्दै आएको छ ।

नबिलले आफ्नो रणनीतिमा दिगोपनलाई एक मुख्य आधार बनाई वातावरण संरक्षण, सामाजिक समावेशीकरण, मानव अधिकारको संरक्षण तथा नैतिक सुशासनको अभ्यासमा आफूलाई केन्द्रित गर्दै कार्बन फुटप्रिन्ट घटाउने, उत्तरदायी बैंकिङलाई प्रवर्द्धन गर्ने र वित्तीय साक्षरता विस्तार गर्ने कार्यमा आफूलाई केन्द्रित गर्दै आएको छ । बैंकका यिनै कार्यसम्पादनको उच्च मुल्याङ्कन गर्दै नबिललाई यो अवार्डद्वारा सम्मान गरिएको हो ।

युरोमनी म्यागजिन बैंकिङ क्षेत्रको लामो अध्ययन र विश्लेषणका आधारमा बैंकलाई सम्मान गरेको हो । बैंकले यसअघि सन् २०१०, सन् २०२०, सन् २०२१, सन् २०२२ र सन् २०२४ मा विभिन्न विधामा यूरोमनी अवार्ड फर एक्सिलेन्स अवार्डबाट सम्मानित भइसकेको छ ।

# त्रिभुवन विमानस्थलको आन्तरिक टर्मिनलमा नयाँ भीआईपी कक्ष

काठमाडौं- त्रिभुवन विमानस्थलमा आन्तरिकतर्फ नयाँ भीआईपी कक्ष बनाइएको छ । नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले आन्तरिक टर्मिनल भवनमा यसअघि रहेको आगमन कक्ष तथा ब्यागेज लिने ठाउँलाई नयाँ भीआईपी कक्ष बनाएको हो । भीआईपी कक्ष बनाउन ४० लाख रूपैयाँ खर्च भएको त्रिभुवन विमानस्थलका महाप्रबन्धक हंसराज वाग्लेले जानकारी दिए ।

वर्ष -१८, अंक- ५,
२०८२ साल भदौ १० गते मंगलबार
26 AUGUST 2025, TUESDAY

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



खेलकुद

# बास्केटबलमा ज्ञानोदयका दुवै टिम विजयी



काठमाडौं- आयोजक ज्ञानोदय बालबाटिका माविले ३१ औं ज्ञान कार्निभलअन्तर्गत बास्केटबलमा सोमबार ब्वाइज र गर्ल्स दुवैमा जित पाएको छ ।

ब्वाइजतर्फ ज्ञानोदयले ओएसिसलाई ३५-३२ ले पराजित गर्दा सोनु पुरीले १२ स्कोर गरे । गर्ल्समा नोसिका ढकालको १२ स्कोरमा ज्ञानोदयले मल्पी सिटीलाई २६-७ ले पराजित गरेको थियो । ज्ञानोदयको कभर्डहलमा ब्वाइजतर्फ मल्पी सिटी र भ्याली भ्यूले सफलता पाए । मल्पीले क्रिएटिभ एकेडेमीलाई ४१-१५ ले हरायो । मल्पीका रौनक प्रधानाङले १८ स्कोर गरे । भ्यालीले ओरेकल एकेडेमीमाथि ३९-११ को सहज जित दर्ता गर्‍यो । भ्यालीका गणेश विष्टले १५ स्कोर बटुले ।

ब्वाइज फुटबलमा लिटिल एन्जल्स (एलए) ले बृहस्पति विद्यासदनलाई ६-० गोलले पराजित गर्‍यो । एलएका सुगत मगरले २ र रायडुहाङ राई, जिम्मी लामा र प्रवीण गौतमले १-१ गोल गरे । एक गोल आत्मघाती थियो ।

# प्रधानमन्त्रीले पद छाड्छन् कि छाड्दैनन् भन्नेबाट मुक्त बनौं : गगन थापा



काठमाडौं- सत्तारूढ दल नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले अहिलेको समयमा पार्टीले डर, लोभ र अन्योलबाट मुक्त भएर देशप्रतिको जिम्मेवारी निर्वाह गर्नंपर्ने आवश्यकता रहेको बताएका छन् ।

सोमबार काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दे महामन्त्री थापाले यस्तो बताएका हुन् । पार्टीले ०८४ मा आफ्नो अवस्था कस्तो होला भन्ने मानसिकता त्यागेर अगाडि बढ्न जरूरी रहेको उनको भनाइ छ । 'यो बेलामा नेपाली कांग्रेस पार्टी केबाट मुक्त हुनुपर्छ भने २०८४ सालमा मेरो अवस्था के होला भन्ने कुराबाट मुक्त हुनुपर्छ,' महामन्त्री थापाले भने, 'यसपछि प्रधानमन्त्री आलोपालो भनेर प्रधानमन्त्री केपी शर्मा ओलीले जुन भन्नुहुन्छ नि त्योबाट मुक्त हुनुपर्छ । उहाँले हामीलाई सम्झाउनु हुन्छ नि ।'

प्रधानमन्त्री केपी शर्मा ओलीले हप्ता हप्तामा आलोपालो प्रधानमन्त्री बन्ने कुरा सम्झाउने गरेको उल्लेख गर्दै थापाले पद छोड्लान कि नछोड्लान भन्ने अन्योलमा बस्न नहुने जिकिर गरे । 'उहाँले छोड्नुहोला कि नहोला भन्ने अलमलबाट हामीले मुक्त हुनुपर्छ । यो समयमा हाम्रो पार्टीले गर्नंपर्ने कर्म सबै प्रकारको लोभ र डरबाट मुक्त भएर गर्यौं भने पार्टीले आफ्नो जिम्मेवारी निर्वाह गर्छ जसरी हामीले गर्दै आएका छौं,' उनले भने, 'नेपाली कांग्रेसका सबै कार्यकर्ता पनि लोभ र डरबाट बाहिर निस्कनुपर्नेछ । र नेपाली कांग्रेस पनि निस्कनुपर्नेछ ।' महामन्त्री थापाले पार्टीभित्र पठन संस्कृतिको विकास गर्नको लागि साहित्यकारहरूलाई उत्प्रेरित गर्नंपर्ने धारणा समेत राखे ।

# प्रत्येक सदस्यले पार्टीलाई शुल्क बुझाएपछि जिम्मेवारी पनि दिनुपर्छ : बामदेव गौतम



काठमाडौं- नेकपा (एकीकृत समाजवादी) का वरिष्ठ नेता बामदेव गौतमले पार्टीका नेताहरू काठमाडौं केन्द्रित भएको भन्दै आलोचना गरेका छन् ।

आइतबार काठमाडौंमा आयोजित 'आजको सन्दर्भमा नेपाली विशेषताको समाजवाद' विषयक विचार गोष्ठी कार्यक्रममा बोल्दै वरिष्ठ नेता गौतमले यस्तो बताएका हुन् । पार्टीका सबै शीर्ष नेता राजधानी उपत्यकामा मात्र रहने प्रवृत्तिका कारण पार्टी संगठनलाई कमजोर बनाएको उनको भनाइ छ ।

'नेकपा (एकीकृत समाजवादी)का सबै नेताहरू काठमाडौं उपत्यकामै हुनुहुन्छ। त्यसो भएपछि तल नेताहरू हुने कुरा भएन । यस्तो मलाई लागेको हुनाले ती नेताहरूलाई साथमा लिएर पार्टीले यस्तो निर्णय गरोस्,' गौतमले अघि भने, 'कि पार्टीको प्रत्येक सदस्यले एउटा न एउटा जिम्मेवारी बहन गर्नंपर्छ । एउटा न एउटा कार्यक्षेत्र उसको हुनुपर्छ । किनभने कम्युनिष्ट पार्टीको सिद्धान्तले त्यही भन्छ ।' पार्टीका सबै सदस्यहरूलाई कुनै न कुनै जिम्मेवारी तोक्नुपर्नेमा पनि गौतमले जोड दिए । पार्टीमा बसेर पार्टीको नीति र सिद्धान्त पालना नगरेका नेताहरूलाई 'नक्कली कम्युनिष्ट'को संज्ञा दिए । 'पार्टी सदस्यता प्राप्त गरिसकेपछि त्यो व्यक्तिले प्रतिमहिना सदस्यता शुल्क तिर्नंपर्छ । र कमिटीका अरू सदस्यहरूसँगको जिम्मेवारी नजुध्नेगरी उसको छुट्टै कार्यक्षेत्र हुनुपर्छ । त्यस्तो भएको छैन भने ति सबै नक्कली कम्युनिष्ट हुन्,' गौतमले भने, 'यहाँ पनि नक्कली कम्युनिष्ट हुनसक्छ । जिम्मेवारी तोकिएको छैन भने तिनीहरू नक्कली कम्युनिष्ट नै हुनसक्छन् ।'

पार्टी सदस्यले समाजवाद बुझ्ने, समाजवाद निर्माणका लागि आजको परिस्थितिमा आवश्यक कार्य गर्ने र जनतासम्म पुग्ने जिम्मेवारी लिनुपर्ने आवश्यकता उनले औंल्याए । 'हामी गर्ने काम भनेको सिद्धान्त बुझाउने, समाजवाद बुझाउने, समाजवाद निर्माण कसरी गर्ने ?, आजको परिस्थितिमा के गर्न जरूरी छ ? भन्ने उद्देश्य राखेर प्रत्येक व्यक्तिले काम गरेको हुनुपर्छ, जनतामा गएको हुनुपर्छ,' गौतमले भने, 'आफ्नो पार्टीको नीति र सिद्धान्तको पालना गरेको हुनुपर्छ । त्यस्तो गर्नंपर्छ भन्ने मनमा लागेको हुनाले मैले सोचेको एकीकृत समाजवादीको नेतैनेता हुनुहुन्छ ।



# ओझेलमा छ सुन्दरताले भरिपूर्ण दिज गाउँ

ढोरपाटन- वरिपरि घना जङ्गल । छेउमै सुसाउने उत्तरगङ्गा नदी । नदी किनारमा छ दिज गाउँ । काठै काठले सजाइएका घर र गाउँले जनजीवन । यही दृश्यले आकर्षित गरिरहेको छ आगन्तुकलाई ।

जोडिएर बनेका काठका मौलिक घर र स्थानीयको रहनसहन अझ चाखलाग्दो छ । ढोरपाटन उपत्यकाभन्दा केही पर रहेको दिज गाउँ पर्यटनको सम्भावना भए पनि बत्ति मुनीको अँध्यारो बनेको छ । गाउँको मौलिक संस्कृति, भेषभूषा र रहनसहनले यहाँ पुग्ने पर्यटकलाई लोभ्याउने गर्छ । तर, विकास र प्रचारप्रसार अभावमा यो गाउँ ओझेलमै छ । ढोरपाटन नगरपालिका-९ स्थित दिज गाउँ प्राकृतिक सुन्दरताले भरिएको छ । ढोरपाटन-निसेलढोर सडक खण्डको पारी पट्टी रहेको दिज गाउँमा विस्तारै विकासले गति लिन थालेको छ । तर प्रचारप्रसार कत्ति पनि हुन सकेको छैन । प्रकृति र मौलिकतासँग साइनो गाँस्न चाहनेका लागि त योभन्दा अरू गन्तव्य बिरलै छन् ।

गाउँको मौलिकता र सुन्दरतालाई बाहिर प्रचार गर्न नसक्दा आगन्तुक दिज गाउँ पुग्न नसकेको ढोरपाटन नगरपालिका-९ का अध्यक्ष खिमबहादुर घर्ती मगरले बताए । लामो समयसम्म स्वास्थ्य, शिक्षा, खानेपानी र विद्युत्लगायतका पूर्वाधार नजोडिएको यस गाउँमा स्थानीय सरकार आएपछि विस्तारै विकास हुन थालेको उनको भनाइ छ । दिजलाई पर्यटकीय गाउँ बनाउनका लागि नगरपालिकाले नीति बनाएर काम सुरू गरेको अध्यक्ष घर्ती मगर बताउँछन् । 'यो पर्यटनका लागि भर्जिन गाउँ हो, पर्यटकसँग जोड्न नगरपालिकाले नीति बनाउँदै छ, गाउँलाई घरबास (होमस्टे)का रूपमा विकास गर्ने र स्थानीयलाई आय आर्जनसँग जोड्ने प्रयास गरिरहेका छौं,' अध्यक्ष घर्तीमगरले भने, 'स्थानीय उत्पादनलाई बढाउने र बजारीकरणलाई ध्यान दिएका छौं ।'

दिज गाउँमा अहिलेसम्म सडक पुगेको छैन । स्थानीयले बजारबाट बोकेरै उपभोग्य सामान ढुवानी गर्नंपर्ने बाध्यता छ । ढोरपाटन सिकार आरक्षले अवरोध गर्दा गाउँमा सडक नजोडिएको स्थानीय बताउँछन् । यो गाउँमा अहिलेसम्म काठैकाठका बाहेक अन्य वस्तुले बनेका घर छैनन् । विस्तारै विकासले गति लिन थालेको स्थानीय मनबहादुर घर्तीले बताए । पहिलेदेखिनै समय-समयमा फाट्टफुट्ट पर्यटक आउने गरे पनि धेरै सङ्ख्यामा भित्र्याउन नसकेको उनको भनाइ छ । यस क्षेत्रमा हिउँदको बेला बढी चिसो हुने हुँदा बर्खाको समयमा पर्यटक आउने गर्छन् । पछिल्लो समय निसेलढोर जाने पर्यटक दिज गाउँ पस्ने गरेका छन् । गर्मी छल्न ढोरपाटन आउने पर्यटक घुम्दैफिर्दै दिज गाउँ आउने गरेका छन् । गाउँमा आइपुग्न उत्तरगङ्गा नदीमा काठे साँघु बनाइएको छ । यो पुल हेर्नका लागि पनि पर्यटक दिज आउने गर्छन् । गाउँ निकै सुन्दर भए पनि बास बस्न व्यवस्थित ठाउँ नहुँदा ढोरपाटनमै आउनु परेको भैरहवादेखि आउनुभएका कुशलराज बेलवासेले बताए । 'हाम्रो नेपालमा पनि यति सुन्दर ठाउँ छन्, तर यी ठाउँमा अहिलेसम्म विकास नपुग्दा ओझेलमा परेका छन्, मलाइ त ढोरपाटनभन्दा दिज गाउँ धेरै राम्रो लाग्यो तर बस्नका लागि समस्या रैछ,' उनले भने, 'राज्यले सडकलगायत अन्य पूर्वाधार विकास गरेमा भविष्यमा पर्यटकीय सम्भावना छ, गाउँका नागरिकलाई शिक्षित र व्यावसायिक बनाउनु पर्ने जरूरी देखियो, यहाँ आउँदा साँच्चिकै गाउँघरमा आएको महशुस भयो ।'

# नेताले जिम्मेवारी लिएपछि पूरा गर्नैपर्छ : माधव नेपाल



काठमाडौं- नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले जिम्मेवारी लिएपछि पार्टी नेताले त्यसलाई पूरा गर्नंपर्ने बताएका छन् ।

प्रत्येक सदस्यले लिएको जिम्मेवारी पूरा गर्न सके मात्रै पार्टीलाई गतिशील बनाएर अघि बढाउन सकिने अध्यक्ष नेपालको भनाइ थियो । 'कुनैपनि नेताले जिम्मेवारी लिइसकेपछि त्यो जिम्मेवारीलाई पूरा गर्नंपर्छ । जिम्मेवारी पूरा गरिएको छ कि छैन ? सोहीअनुसार काम गरिएको छ कि छैन भन्ने कुराको अनुगमन पनि हुनुपर्छ,' उनले भने, 'प्रतिवेदन नबुझाउनेलाई आवश्यक कारबाहीको प्रक्रिया पनि अगाडि बढाउनुपर्छ । यी सबै काम गर्न सकेको अवस्थामा मात्र पार्टीलाई गतिशील बनाएर अघि लैजान सकिन्छ ।'

सोमबार काठमाडौंमा आयोजित 'आजको सन्दर्भमा नेपाली विशेषताको समाजवाद' विषयक विचार गोष्ठी कार्यक्रममा बोल्दै अध्यक्ष नेपालले यस्तो बताएका हुन् । नेपालको कम्युनिष्ट आन्दोलन गम्भीरसंकट र चुनौतीबाट गुज्रिरहेको उनले टिप्पणी गरे । कम्युनिष्ट पार्टीभित्र मात्रै नभई हालको राजनीतिक परिस्थिति सबै राजनीति दलहरूको लागि चुनौतीपूर्ण रहेको टिप्पणी अध्यक्ष नेपालले गरे ।

राजनीतिक संकट र चुनौतीहरूको सामना गर्नको लागि पार्टीका प्रत्येक नेताहरूले सार्वजनिक कार्यक्रमहरूबाट आम नागरिक र कार्यकर्तामा सकारात्मक सन्देश दिनुपर्ने उनले बताए । 'नेपालको कम्युनिष्ट आन्दोलन अहिले पनि निकै ठूलो संकटको अवस्थामा छ। चुनौतीको बीचमा छ,' अध्यक्ष नेपालले भने, '...चुनौती नै चुनौतीहरूको माझबाट हामी अगाडि बढिरहेका छौं । त्यसकारण चुनौतीबाट आत्तिनुपर्ने, संकटबाट तर्सिनुपर्ने कुनै आवश्यकता छैन ।

संकट कहिले आएन ? चुनौती कहिले थिएन ? चुनौती र संकटहरूलाई पन्छ्याउँदै हामी अगाडि बढिरहेका छौं । त्यसकारण चुनौती र संकटको सामना गर्ने आँटका साथ अगाडि बढाउनुपर्छ ।' पार्टीका आन्तरिक समस्याका विषयहरूलाई पार्टी कमिटीमा राखेर यथार्थतामा अघि बढ्नुपर्ने अध्यक्ष नेपालको भनाइ थियो ।

# बैकुण्ठ अर्याललाई सफाइ दिने फैसलाविरूद्ध अख्तियार सर्वोच्चमा

काठमाडौं- पूर्वमुख्यसचिव बैकुण्ठ अर्याललाई सफाइ दिने विशेष अदालतको फैसलाविरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सर्वोच्च अदालतमा पुनरावेदन गरेको छ ।

अख्तियारका सहायक प्रवक्ता गणेश बहादुर अधिकारीका अनुसार, आइतबार अख्तियारले सर्वोच्चमा पुनरावेदन निवेदन दर्ता गरेको हो । सुरक्षण मुद्रण केन्द्रमार्फत अन्तःशुल्क स्टिकर छपाइका क्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका तत्कालीन सचिव अर्यालसमेत १२ जनाविरूद्ध अख्तियारले दायर गरेको मुद्दामा विशेषले अर्यालसहितलाई सफाइ दिएको थियो । ३८ करोड ६७ लाख १७ हजार ६४० रूपैयाँ बिगो दाबी गरी दायर मुद्दाको उक्त फैसला चित्त नबुझेको भन्दै अख्तियारले पुनरावेदन दिएको हो ।

# प्लाइउड पछि खाने तेलमा पनि भारतको आशंका, नेपाली उद्योगमा सूक्ष्म अनुगमन

**विराटनगर–** भारतले प्लाइउड जस्तै खाने तेल समेत उतैको 'ब्राण्ड नेम' राखेर उत्पादन भएको आशंकामा नेपाली उद्योगमा अनुगमन गर्न थालेको छ ।

भारतको वाणिज्य र गुणस्तर विभागका कर्मचारीले नेपाली तेल उद्योगको अनुगमन गर्न थालेका हुन् । भारतका तेल उद्योगीले नेपालका उद्योगमाथि भारतकै उद्योगले उत्पादन गर्ने ब्रान्डमा तेल उत्पादन गरेर पठाउने गरेको आरोप लगाउँदै आएका छन् । त्यही कारण भारतीय अधिकारीले नेपाली उद्योगमा उपस्थित भएर निगरानी बढाएका हुन् ।

भारतीय अधिकारी खासगरी नेपालका प्लाइउड उद्योगीको कैफियत फेला परेपछि तेल उद्योगीमाथि पनि सशंकित भएका छन् । नेपाली प्लाइउड उद्योगीले आफ्नो बजार कायम राख्न 'मेड इन इण्डिया' लेभल लगाएर पठाएका ८ ट्रक भारतको वाणिज्य विभागले बिहीबार जफत गरेको थियो । भारत सरकारका कर्मचारीले नेपाल सरकारसँग समन्वय गरेर तेल उद्योगको निरीक्षण गरिरहेका छन् । वाणिज्य विभागका अधिकारी र सम्बन्धित जिल्लाका सीडीओ पनि भारतीय पक्षसँगै निरीक्षणमा संलग्न छन् ।

उद्योग संगठन मोरङका उपाध्यक्ष एवम् क्वालिटी आयल रिफाइनरीका सञ्चालक विपिन काबराले आफ्नो उद्योगमा नेपाल सरकारको समन्वयमा भारतीय प्राविधिकले निरीक्षण गरेको पुष्टि गरे ।

उद्योगी काबराका अनुसार भारतमा चलेका ब्रान्डका नाममा नेपाली उद्योगले तेल उत्पादन गरेका छन्/छैनन् भन्नेमा भारतीय अधिकारीको चासो छ ।

मोरङ-सुनसरी औद्योगिक क्षेत्रमा सञ्चालित उद्योगको अनुगमनका क्रममा भारतीय टोलीले त्यस्तो कैफियत देखेन । भारतीय अधिकारीले कैफियत नदेखिएको कुरा नेपाली उद्योगीलाई नै बताएका छन् ।



भारतीय अधिकारीको अर्को चासो उद्योगको मेसिन र त्यहाँ प्रयोग गरिने कच्चा पदार्थ कुन देशबाट आयात गरिन्छ भन्नेमा पनि छ । भारत खासगरी चीन, पाकिस्तान लगायत आफूसँग सम्बन्ध चिसिएका देशबाट आयातित मेसिन, कच्चा पदार्थ आदिबाट उत्पादित वस्तु आफ्नो मुलुकमा नभित्रियोस् भन्ने चाहन्छ । काबराले भारतीय टोलीले उत्पादन प्रक्रिया, भण्डारण, प्याकेजिङ तथा लागतका सम्बन्धमा अध्ययन गरेको जानकारी दिए । भारतीय अधिकारीले सबै उद्योगसँग श्रमशक्ति र संख्या तथा मूल्य अभिवृद्धिका विषयमा जानकारी मागेका थिए ।

बाबा भेजिटेबल तथा मारूती आयलका सञ्चालक नारायण मुन्दडाले आफ्ना दुवै उद्योगमा भारतीय टोलीले निरीक्षण गरेको बताए । 'उहाँहरूको मनसाय कमसल गुणस्तरको तेल भारत नपुगोस् भन्ने रहेछ । हाम्रो कारखाना र उत्पादन प्रक्रिया हेरेपछि उहाँहरू सन्तुष्ट देखिनुभयो', उद्योगी मुन्दडाले सुनाए । मोरङ-सुनसरीका उद्योगको निरीक्षण-भ्रमणपछि भारतीय टोली वीरगंज पुगेको छ ।

भारतका तेल उद्योगीको सबैभन्दा पुरानो संस्था इन्डियन भेजिटेबल प्रोडुसर्स एसोसिएसन (आईभीपीए)ले गत महिना आफ्नो ५०औँ वार्षिकोत्सवका अवसरमा तेल उत्पादकको विश्व गोलमेच सम्मेलन आयोजना गरेको थियो ।

संस्थाका पदाधिकारीले सम्मेलनमा उपस्थित वाणिज्य मन्त्री र सरकारी अधिकारीलाई नेपालबाट जाने तेलमा भन्सार छुट नदिन आग्रह गरेका थिए । नेपाली उद्योगीले साफ्टा सुविधा अन्तर्गत शून्य भन्सार महसुलमा तेल निर्यात गर्दै आएका छन् ।

कार्यक्रममा आईभीपीएका अध्यक्ष सुधाकर देसाईले भारतको उत्तरी र पूर्वोत्तर क्षेत्रमा नेपालको भन्सारमुक्त तेलको बाढी आइरहेको बताएका थिए । उनले नेपाली तेलका कारण त्यहाँका उद्योग संकटमा परेको तथा किसानले आफूले उत्पादन गरेको सूर्यमुखी र भटमासको पर्याप्त मूल्य पाउन नसकेको सुनाएका थिए । देसाईले नेपालबाट जाने तेलमा साफ्टा सुविधा हटाउन र अन्य मुलुकलाई लगाए झैँ महसुल लगाउन आग्रह गरेको भारतीय सञ्चार माध्यमले जनाएका छन् ।

भन्सार विभागका अनुसार चालु आर्थिक वर्ष साउनमा नेपालबाट भटमास तेल १० अर्ब ६९ करोडको निर्यात भएको छ । २३ अर्ब ९३ करवडको कुल निर्यातमा भटमास तेलको हिस्सा ४५ प्रतिशत छ । एकै महिनामा ५ करोड ७ लाख ८० हजार केजी भटमास तेल निर्यात भएको हो । गत आर्थिक वर्ष एक खर्ब ६ अर्ब ७९ करोड रूपैयाँको ५१ करोड केजी भटमास तेल निर्यात भएको थियो । त्यस्तै यसपालि साउनमा पाम तेल ६७ करोड १२ लाख ३८ हजार रूपैयाँको ३७ लाख ५६ हजार ३६५ लिटर र सूर्यमुखी तेल ६५ करोड १४ लाख ९८ हजार रूपैयाँको ३४ लाख ८९ हजार ९७६ लिटर निर्यात भएको छ । गत वर्ष १२ अर्ब ३३ करोड रूपैयाँको ५ करोड ३२ लाख लिटर सूर्यमुखी तेल र २ अर्ब ४१ करोड ४३ लाख मूल्यको एक करोड ३३ लाख ६५ हजार लिटर पाम तेल निर्यात भएको थियो ।

## अन्तराष्ट्रिय

### गाजास्थित अस्पतालमै इजरायलको आक्रमण : ४ पत्रकारसहित कम्तीमा १५ जनाको मृत्यु

काठमाडौँ – गाजास्थित एक अस्पतालमा इजरायलले आक्रमण गर्दा पत्रकारसहित कम्तीमा १५ जना मारिएका छन् । मारिनेमा अन्तर्राष्ट्रिय मिडियामा कार्यरत ४ पत्रकारसमेत रहेका छन् ।



रोयटर्सले इजरायली आक्रमणमा आफ्ना एक जना क्यामेरापर्सन हुसाम अल-मसरीको मौत नासेर अस्पतालमा मृत्यु भएको जनाएको छ । त्यस्तै अल जजीराका मोहम्मद सलामेह, एपीका मरियम अबू दका र एनबीसीका मुआथ अबू ताहा पनि आक्रमणमा मारिएका छन् ।

हमास सञ्चालित सिभिल डिफेन्सका अनुसार सुरुवातको आक्रमणमा केहीको मृत्यु भएको थियो । त्यसपछि उद्धारकर्मीहरू जाँदा पनि आक्रमण जारी रहेकाले अरु पनि मारिएको हमासले जनाएको छ । इजरायल सरकार र सेनाले भने यसमा केही प्रतिक्रिया दिएको छैन ।

### बंगलादेशद्वारा पाकिस्तानलाई सन् १९७१ को नरसंहारबारे माफी माग्न आग्रह



काठमाडौँ – बंगलादेशले पाकिस्तानलाई सन् १९७१ को नरसंहारका लागि आधिकारिक माफी माग्न आग्रह गरेको छ ।

बंगलादेशका विदेश मामिला सल्लाहकार मोहम्मद तौहिद हुसेनले आइतबार ढाकामा भएको द्विपक्षीय बैठकमा पाकिस्तानका उपप्रधानमन्त्री तथा विदेशमन्त्री इशाक दारसँग यो विषय उठाउनुभएको थियो ।

'सन् १९७१ मा पाकिस्तानले गरेको नरसंहारबारे औपचारिक र आधिकारिक माफी माग्नु, सम्पत्तिको विभाजन, सन् १९७० को चक्रवात पीडितका लागि विदेशी सहायता हस्तान्तरण, फसेका पाकिस्तानीहरूको स्वदेश फिर्ती जस्ता लामो समयदेखि बाँकी रहेका ऐतिहासिक विषयहरूलाई समाधान गर्नु बंगलादेश-पाकिस्तान सम्बन्धलाई स्थायी र अग्रगामी बनाउन आवश्यक ठोस आधार हो', बैठकपछि जारी विज्ञप्तिमा बंगलादेशको विदेश मन्त्रालयले उल्लेख गरेको छ ।

पाकिस्तानका उपप्रधानमन्त्री तथा विदेशमन्त्री इशाक दार आफ्ना बंगलादेशी समकक्षीको निमन्त्रणामा अगस्ट २३ देखि २४ सम्म बंगलादेशको दुई दिने आधिकारिक भ्रमणमा थिए । भ्रमणका क्रममा दिउँसो उनले बंगलादेशका प्रमुख सल्लाहकार मुहम्मद युनुससँग भेट गरेका थिए ।

सो अवसरमा बंगलादेश र पाकिस्तानबीच एउटा द्विपक्षीय सम्झौता तथा पाँचवटा समझदारीपत्र (एमओयु) मा हस्ताक्षर गरिएको छ । आइतबार दिउँसो ढाकामा भएको हस्ताक्षर समारोहमा बंगलादेशका विदेश मामिला सल्लाहकार मोहम्मद तौहिद हुसेन र पाकिस्तानका विदेशमन्त्री इशाक दार उपस्थित थिए ।

सम्झौतामा दुवै देशका सरकारी र कूटनीतिक पासपोर्ट वाहकका लागि भिसा छुटको व्यवस्था गरिएको छ ।

नभएको, बालकक्षा शिक्षकको पद र सेवासुविधा निश्चित नगरिएको, संस्थागत विद्यालयका शिक्षकको सेवा, सुविधा र पेसा सुरक्षाको उचित प्रबन्ध नगरिएको, सहमतिविपरीत अन्यायपूर्ण र अव्यावहारिक सरुवा प्रणालीको व्यवस्था ल्याएको महासंघले ठहर गरेको छ ।

यसबाहेक पेसाकर्मीको सहमतिविना र त्यस्तै कुनै आकर्षक प्रस्तावविना शिक्षक दरबन्दी स्थानीय तहमा हस्तान्तरण गर्ने प्रबन्ध गर्नेजस्ता विषयमा पनि महासंघले प्रश्न उठाएको छ । स्वीकृत दरबन्दीमा कार्यरत अस्थायी/करार शिक्षकका लागि आन्तरिक प्रतिस्पर्धाको व्यवस्था नगरिएको, सिकाइ अनुदान शिक्षकको कोटा दरबन्दीमा रूपान्तर नगरिएको, प्रधानाध्यापकको ट्रेड युनियन अधिकार खोसिएको, पुनर्बहाली भएका द्वन्द्वपीडित शिक्षकले सेवाबाट बाहिरिन चाहेमा बीचको अवधि गणना गरी उपदान वा निवृत्तिभरण दिन सक्ने व्यवस्था नभएको भन्दै महासंघले विधेयक अमान्य भएको जनाएको हो ।

तर, शिक्षकहरूको विरोध र अस्वीकारको बाबजुद २०२८ सालको शिक्षा ऐनलाई विस्थापन गर्ने गरी ल्याइएको विधेयकले सार्वजनिक विद्यालयको रूपान्तरण तथा शिक्षालाई पहुँचयुक्त र गुणस्तरीय बनाउन जोड दिएको छ । विद्यालय शिक्षाको सुधार र गुणस्तरका लागि प्रतिस्पर्धाका आधारमा प्रधानाध्यापक चयन गर्ने र जिम्मेवार बनाइने प्रावधान पहिलोपटक राखिएको छ । विधेयकमा राजनीतिक दल वा दलसँग आवद्ध संघसंगठनको सदस्यता लिएमा, राजनीतिक क्रियाकलापमा संलग्न भएमा सेवाबाट हटाउने वा बर्खास्त गर्न सक्ने प्रावधान छ । शिक्षकले बन्द हड्तालमा भाग लिन, पठनपाठन बन्द गर्न वा अन्य कुनै तरिकाबाट बालबालिकाको पढ्ने अधिकारमा बाधा पुयाउने कार्य गर्नसमेत विधेयकले रोक लगाएको छ ।

यद्यपि विधेयकले विद्यालय शिक्षाको जग मानिने बालविकासमा कार्यरतलाई शिक्षकको रूपमा कायम गरेन । शिक्षा विधेयक भनिए पनि व्यवहारमा शिक्षक विधेयकजस्तो आएको टिप्पणी भइरहेको छ । उनीहरूको विचारमा शिक्षाको दर्शनदेखि गरिखाने शिक्षाको प्रत्याभूत नभएको, कृत्रिम बौद्धिकताजस्ता प्रविधि शिक्षा तथा निजी विद्यालयसँगको सहकार्यलगायतका विषय विधेयकले सम्बोधन नगरेको महासंघ अध्यक्ष सुवेदीले बताए । महासंघको सबैभन्दा ठूलो असहमति भनेकै विद्यालय स्थानान्तरण, गाभ्ने, तह घटाउने, दरबन्दी थप्नेलगायत अधिकार स्थानीय तहलाई दिने व्यवस्था गरिएकोप्रति हो । शिक्षकलाई स्थानीय सरकारअन्तर्गत राख्न नहुने महासंघको अडान छ । अध्यक्ष सुवेदीले भने, 'शिक्षक संघअन्तर्गत हुनुपर्छ । स्थानीयअन्तर्गत होइन, त्यसो गर्दा न्यायिक हुँदैन र त्यसो हुनाले दरबन्दी पनि संघमै हुनुपर्छ ।' अस्थायी, राहत, प्राविधिक तथा विशेष शिक्षकलाई आन्तरिक प्रतिस्पर्धाबाट स्थायी बनाउने सहमतिअनुसार पनि विधेयक नआएको महासंघको तर्क छ । सरकार र महासंघबीच गत १७ वैशाखमा नौ बुँदे सहमति भएको थियो । उक्त सहमतिको मर्म र भावनाअनुसार विधेयक नआएको भन्दै पुनः महासंघको नेतृत्वमा शिक्षकहरू आन्दोलित हुने भएका हुन् । शिक्षा, विज्ञान तथा प्रविधि समितिबाट पारित विधेयक शुक्रबार प्रतिनिधिसभामा पेस भएको छ । समिति सभापति अम्मरबहादुर थापाले समितिको प्रतिवेदन प्रतिनिधिसभा बैठकमा पेस गरेका हुन् ।

उनले त्यसक्रममा भनेका थिए, 'सबै पक्ष र सरोकारवालासँग प्रत्यक्ष र अप्रत्यक्षरूपमा पटकपटक छलफल गरेर समितिले विधेयक पेस गरेको छ ।' उनले यसो भने पनि शिक्षकहरू मात्रै होइन, निजी विद्यालय सञ्चालकहरू पनि आन्दोलनमा छन् ।

विधेयकमा गैरनाफामूलक बनाउनुपर्ने र पूर्ण छात्रवृत्ति दिनुपर्ने व्यवस्था राखिएको भन्दै निजी विद्यालय सञ्चालकहरुको संगठन प्याब्सन र एन प्याब्सनले स्कुलका सवारीको ऱ्याली निकालेर विरोध गरेका छन् । विधेयकबाट पूर्ण छात्रावृत्तिको व्यवस्था नहटाए भदौ ९ गतेबाट विद्यालय बन्द गर्ने चेतावनीसमेत प्याब्सनले दिएको छ ।

**नेपालसाग...**

भियतनामकी उपराष्ट्रपति भो थी आन्ह सुआन शनिवार काठमाडौं आएकी थिइन् । यो भियतनामबाट भएको नेपालको पहिलो उच्चस्तरीय भ्रमण हो ।

नेपाल आएलगत्तै सुआनले परराष्ट्र मन्त्री आरजु राणा देउवासँग भेटवार्ता गरेकी थिइन् । सो अवसरमा राणाले भियतनामलाई भैरहवा र पोखरा अन्तर ाष्ट्रिय विमानस्थलमा सिधा हवाई उडान सुरु गर्न प्रस्ताव गरेकी थिइन् ।

उपराष्ट्रपति सुआनले आजै प्रधानमन्त्री केपी शर्मा ओलीसँग र भोलि राष्ट्रपति रामचन्द्र पौडेलसँग भेटवार्ता गर्ने कार्यक्रम छ । उनी सोमबार स्वदेश फर्किने छिन् ।

**हामीलाई बीआरआइ...**

नहुने स्पष्ट पार्दै उनले नेपालको विकास र समृद्धिको लागि एमसीसी र बिआरआई दुवै अपरिहार्य रहेको उनले भने । 'म के कुरामा सहमत छैन भने एमसीसी परियोजना नेपालमा कार्यान्वयन हुँदा एमसीए अफिस यहाँ बस्दाखेरी अमेरिकी सैनिक अड्डा नेपालमा बस्छ । म त यसको कुनै तात्विक अर्थ नै देख्दिनँ । अहिलेसम्म बसिसके र नेपाल कोलोनाइज भइसकेको हुनपर्ने । खोइ त कहाँ छ स्टेसन ?,' पाण्डेले भने, 'त्यो वनको बाघले भन्दा पनि मनको बाघले मन खाइरहेको म देख्छु । अमेरिकाले नेपाललाई घेरा हालिहरेको छ । हामी जोगाउन भनेर हिंडेका छौं । के हामीले जोगाएर चीन जोगिने हो ? चीन आफ्नै सामर्थ्यमा जोगिन सकेन भने हामीले जोगाएर चीन जोगिने हो र ? अमेरिकालाई के नेपालबाट मात्रै चीनमा जानसक्ने परिस्थिति छ र ?'

**सशस्त्र प्रहरी...**

समेत सुक्ष्म रूपमा निगरानी गरिरहेको र त्यसमा कतै कमीकमजोरी देखिएमा वा शंका लाग्नसाथ कुनै पनि कमाण्डर छानबिन र कारवाहीको भागिदार बन्ने उनले बताए ।

उनले हरेक कमाण्डर मुलुक, आम जनता र संगठनको हितमा विवेक प्रयोग गर्न स्वतन्त्र रहेको स्पष्ट पारे । उनले सीमा क्षेत्रमा कार्यरत सुरक्षाकर्मीलाई सीमा क्षेत्रमा कार्य गर्दा अपनाउनुपर्ने आचरणका विषयमा समय-समयमा काउन्सिलिङ गर्दै आचरण विपरित कार्य गर्ने माथि कठोर हुन समेत निर्देशन दिए ।

सीमा क्षेत्रबाट हुने अवैध आवतजावत रोक्नको लागि र शंकास्पद व्यक्ति देखिएमा त्यसलाई विशेष निगरानी गर्न र सीमा क्षेत्रलाई व्यवस्थित गर्न हर हालतमा चनाखो बन्न पनि उनले निर्देशन दिए । बाहिनी मुख्यालय, गण, गुल्म तथा बिओपी कमाण्डरहरूलाई सीमा सुरक्षा विभाग प्रमुख सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक गणेशबहादुर ठाडा मगरले त्यसक्षेत्रमा कार्यरत कमाण्डरहरूले सीमा अपराध रोकथामका लागि सरोकारवाला सबै निकाय सँगको समन्वय र सहकार्यमा कार्य गर्न निर्देशन दिए । उनले सीमा क्षेत्रका स्थानीय वासिन्दासँगको समन्वय र सहकार्य अझ महत्वपूर्ण रहेकाले त्यसमा समेत विशेष जोड दिन जरूरी रहेको बताए ।

# गायक तथा संगीतकार विजय थापाको क्रेज बढ्दै



कलाकारिता समाजलाई सत्मार्गमा अघि बढाउने महत्वपूर्ण माध्यम हो । साहित्य, कला, गीतसंगीतले मानिसलाई खुशी र प्रेरणा दिन्छ, दुःखमा मलमपट्टी जस्तै काम गर्छ । यसै भिडभाडमा धादिङ जिल्लाको गल्छी-८, गोगनपानीबाट उदाएका प्रतिभावान युवा गायक तथा संगीतकार हुन् विजय थापा ।

बुबा अर्जन थापा र आमा सरस्वती थापाको कोखबाट जन्मिएका उनी परिवारका कान्छा छोरा हुन् । गाउँमै रहेको विद्यालयबाट प्राथमिक शिक्षा सुरु गरेका विजय सानैदेखि फरक स्वभावका थिए । साथीभाइसँग खेल्दा पनि गीत गाउँदै रमाउने बानी थियो । विद्यालयमा हुने विविध कार्यक्रम वा सभा-सेमिनारमा उनले गीत गाएर सबैलाई आकर्षित गर्थे । यसैले उनलाई शिक्षक-शिक्षिकाले माया गर्थे र भविष्यमा कलाकार बन्न प्रेरणा दिन्थे । पढाइसँगै उनले आफ्नो कला-प्रतिभालाई निरन्तरता दिए र ठूलो सपनासहित राजधानी काठमाडौंतिर लागे ।

२०७० सालमा विजयले आफ्नो पहिलो एल्बम “माई ड्रीम” बजारमा ल्याए । यसमा “देखे तिमीलाई सपनीमा”, “यो मायाले”, “आई लभ यू” र “सुर्तीमा मोहनी” बोलका गीत रहेका थिए । पहिलो एल्बमकै “देखे तिमीलाई सपनीमा” गीत स्रोतामाझ निकै लोकप्रिय भयो । यसपछि २०७३ सालमा उनले दोस्रो एल्बम “माई ड्रीम २” ल्याए, जसमा “ओ नारन दाँते है ओखर”, “देखे तिमीलाई सपनीमा २”, “पूर्वै शहर” र “आमा” जस्ता गीत समावेश थिए । यीमध्ये “ओ नारन दाँते है ओखर” निकै हिट भयो । हालसम्म उनले दुई दर्जनभन्दा बढी गीत गाइसकेका छन् । विजयले चर्चित संगीतकार कल्याणसिंहलगायतका कलाकारसँग सहकार्य गरेका छन् । हालै उनले शंकर भुजेलको शब्दमा तयार भएको नयाँ गीत “आँशु बिक्ने सहर भए खुशी किन्थे होला...” सार्वजनिक गर्ने तयारी गरिरहेका छन् ।

पुराना तथा आधुनिक दुवै पुस्ताका गायक-कलाकारले उनलाई प्रभावित पारेका छन् । झलकमान गन्धर्व, राम थापा, रामकृष्ण ढकाल र शिव परियारका गीत सुनेर प्रेरित हुने विजय ती कलाकारलाई आफ्नो मार्गदर्शक मान्छन् ।

संगीत क्षेत्रमा सक्रिय योगदानका लागि उनले “जिनियस म्यूजिक अवार्ड” र “बक्स अफिस म्यूजिक अवार्ड” अन्तर्गत पब्लिक च्वाइस अवार्ड पाइसकेका छन् । पछिल्ला वर्षमा उनी विभिन्न मेला-महोत्सवका स्टेज कार्यक्रममा अत्यधिक माग भएका गायक बनेका छन् । स्रोतामाझ उनको उपस्थितीले उत्साह ल्याउने भएकाले आयोजकहरूले पनि उनलाई प्राथमिकता दिने गरेका छन् । धादिङको गाउँबाट सुरु भएको एउटा सानो सपना आज राष्ट्रिय स्तरमा परिचित हुँदै गएको छ । संघर्ष, मेहनत र कलाप्रतिको लगावका कारण विजय थापा अहिले नेपाली सांगीतिक क्षेत्रमा उदाउँदै गरेका चम्किला गायक तथा संगीतकारका रुपमा चिनिँदैछन् । उनका गीतहरूले स्रोताको मन छोइरहेका छन् भने स्टेजमा उनको क्रेज दिनप्रतिदिन बढ्दो छ ।

# गायिका उषा गजुरेलको आवाजमा “पप्पी देउन” सार्वजनिक




काठमाडौं । लोकप्रिय गायिका उषा गजुरेलको आवाजमा नयाँ गीत “पप्पी देउन” सार्वजनिक गरिएको छ । उक्त गीत उसा गजुरेल अफिसियल युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको हो ।

गीतमा स्वररशब्द गायिका उषा गजुरेलकै रहेको छ । संगीत संयोजन,मिक्सिङ श्यामश्वेत रसाइलीले गरेका छन् । गीतमा प्रेमिल भावनालाई समेटिएको छ, जुन युवा पुस्तालाई लक्षित गर्दै तयार पारिएको देखिन्छ ।

भिडियोको निर्देशन र कोरियोग्राफी मौसम हिमालीले गरेका छन् । अभिनयतर्फ सुन्दर घलान र जुन विश्वकर्माको केमेस्ट्री आकर्षक रुपमा देख्न सकिन्छ । सिनेम्याटोग्राफर नवराज उप्रेती रहेको गीतमा सम्पादन नविन घर्ती मगरको गरेकाछन् ।

गीत सार्वजनिक भएलगत्तै दर्शक,श्रोताबाट सकारात्मक प्रतिक्रिया आउन थालेको छ । “पप्पी देउन” गीतले छोटो समयमै लोकप्रियता हासिल गर्ने अपेक्षा गरिएको छ ।

# राजन मुक्तानको सशक्त अभिनयमा ‘जब फुलले आकार लिन्छ’ नाटक प्रर्दशनमा



काठमाडौं- सर्वनाम थिएटरको २१औं ब्याच प्रशिक्षार्थी समूहद्वारा प्रस्तुत नाटक ‘जब फुलले आकार लिन्छ’ हाल सर्वनाम रंगमञ्चमा मञ्चन भइरहेको छ । सामाजिक यथार्थ बोकेको यो नाटकमा थिएटर तथा टेली चलचित्र कलाकार राजन मुक्तानको दमदार अभिनय देख्न पाइन्छ ।

राजन मुक्तानले नाटकमा ‘मालि’को भूमिका निर्वाह गरिरहेका छन्, जसले समाजको कठोर यथार्थ र मानव भावनाको संवेदनशील पक्षलाई दर्शकमाझ पुर्‍याउने कोशिस गरेका छन् । उनले यस भूमिकालाई जीवन्त बनाउने प्रयासमा कुनै कसर बाँकी राखेका छैनन् ।

# धनेश्वर टेलिफिल्म अवार्ड २०८२ भव्य रूपमा सम्पन्न



काठमाडौं- नेपाली टेलिफिल्म क्षेत्रको प्रवर्द्धन तथा कलाकारहरूको सम्मानका लागि आयोजना गरिएको “धनेश्वर टेलिफिल्म अवार्ड २०८२” भव्यताका साथ सम्पन्न भएको छ ।

कार्यक्रमले नेपाली टेलिचलचित्र उद्योगको इतिहासमा एक महत्वपूर्ण उपलब्धि कायम गरेको आयोजकले बताएका छन् । कार्यक्रममा बागमती प्रदेशका संस्कृति तथा पर्यटन मन्त्री माननीय सुरेश श्रेष्ठको प्रमुख आतिथ्यता तथा वरिष्ठ पत्रकार एवं निर्देशक प्रकाश सुवेदी, वरिष्ठ कलाकार देशभक्त खनाल, लक्ष्मण बिक्रम बस्नेत, गोर्खा मिलेनियम सेक्युरिटी सर्भिसेस प्रा ।लि । का लोकबहादुर कटुवाल, राष्ट्रिय सङ्गीतकर्मी संघका महासचिव विनोद ढकाल, समाजसेवी कुमार घतान, दिनेशराज पुरी, दामोदर आर्याल लगायतका विशिष्ट व्यक्तित्वहरूको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रमको अध्यक्षता धनेश्वर फिल्म्स प्रा ।लि ।का सञ्चालक खमेश श्रेष्ठले गर्नुभएको थियो । कार्यक्रम संयोजकको भूमिका बिकास थापा मगरले निर्वाह गरेका थिए भने रमेश श्रेष्ठ अवार्ड संयोजक, बिशाल राई कार्यक्रम व्यवस्थापक, रामकृष्ण कंडेल प्राविधिक संयोजक, र समिर श्रेष्ठ निवर्तमान अध्यक्ष, धनेश्वर फिल्म्स लगायतको टिमको सहकार्यमा कार्यक्रम सम्पन्न भएको थियो । अवार्ड समारोहमा ३४ विधाबाट १७० जना मनोनयन भएका मध्ये ६० जना कलाकार तथा प्राविधिकहरूलाई सर्वोत्कृष्ट, पब्लिक च्वाइस, जूरी र प्रोत्साहन अवार्ड प्रदान गरिएको थियो । साथै, समाजसेवी, पत्रकार, महिला समाजसेवी, वरिष्ठ कलाकार, गीतकार, संगीतकार, गायकरसर्जक आदिलाई पनि विशेष सम्मान प्रदान गरिएको थियो । महिला सम्मानतर्फ मानव सेवा आश्रम, मकवानपुरकी संयोजक इशा थापा र फ्युचर होप नेपाल बाल आश्रमकी सञ्चालक रिता शिवाकोटी मुकुली लाई सम्मान गरिएको थियो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि मन्त्री सुरेश श्रेष्ठले नेपाली टेलिफिल्महरूले हास्यव्यंग्य, सामाजिक, भावनात्मक, काल्पनिक तथा यथार्थ विषयवस्तुका माध्यमबाट दर्शकलाई मनोरञ्जन मात्र नभई सामाजिक रूपान्तरणको सन्देश पनि प्रदान गर्दै आएको उल्लेख गर्नुभयो । उहाँले विविध जातजाति, भाषा, धर्म, भेषभूषा, र मौलिक संस्कृतिको जगेर्ना गर्ने माध्यमका रूपमा टेलिफिल्महरूलाई प्रशंसा गर्नुभयो ।

धनेश्वर टेलिफिल्म अवार्डका अध्यक्ष खमेश श्रेष्ठका अनुसार, “यस अवार्डमार्फत अग्रज कलाकार हरूदेखि नयाँ पुस्ताका सिर्जनशील व्यक्तित्वसम्मलाई सम्मान गर्ने प्रयास हरिएको बताएकाछ्न ।

# ‘जेरी अन टप’को टिजरमा प्रेम, पीडा र जोशको कथा



काडमाडौं- तिहारको छेको पारेर असोज ३१ गतेबाट प्रदर्शन हुन लागेको फिल्म ‘जेरी अन टप’को टिजर सार्वजनिक गरिएको छ । सोमबार काठमाडौंमा एक कार्यक्रमको आयोजनापछि युट्युबमार्फत सार्वजनिक गरिएको झन्डै २ मिनेट लामो टिजरले फिल्म त्रिकोणात्मक प्रेमकथामा आधारित रहेको खुलासा गर्छ । तीन पात्रबीचको मित्रता, प्रेम, समर्पण, पीडा र जोशको कथा यसमा देखाइएको छ ।

टिजरको सुरुवात सगरमाथाको दृश्यबाट हुन्छ, जहाँ कलाकार शिशिर बाङ्देलको ‘भ्वाइस ओभर’ सुनिन्छ- ‘सगरमाथा चोमोलुङ यानिकी माउन्ट एभरेष्ट । हेर्दा जति सुन्दर, त्यति नै क्रूर । त्यहाँ एक गलत कदम, एन इट्स एभर रेस्ट ।’ यसैको पृष्ठभूमिमा सगरमाथा चढिरहेका फिल्मका पात्रहरुले भोग्नुपरेको कठिनाइ र दुःखलाई देखाइएको छ ।

सगरमाथाको दृश्यपछि टिजरमा फिल्मका तीन मुख्य पात्र अनमोल केसी, आँचल शर्मा र जसिता गुरुङको सम्बन्धमा आउने उतारचढावलाई प्रस्तुत गरिएको छ । टिजरको अन्त्य फेरि सगरमाथाकै दृश्यबाट हुन्छ, जहाँ अनमोल र जसिता थकित भएर आरोही पोशाकमा हिउँको वर्षाबीच सुतिरहेका देखिन्छन् । टिजरमा फिल्मको मेकिङ र टिमको मिहिनेत प्रष्ट झल्किएको छ ।

‘फर्की फर्की’का निर्देशक सुयोग गुरुङको निर्देशनमा बनेको यो फिल्ममा अनमोल, आँचल र जसितासहित भुवन केसी, केदार घिमिरे (माग्ने बुढा), सुरक्षा पन्त, उषा खड्की लगायतको अभिनय छ । अनन्या फिल्म्सको ब्यानरमा सरोज न्यौपानेले फिल्मको निर्माण गरेका हुन् । उनले यसअघि ‘सम्बोधन’ र ‘ग्याङस्टर ब्लूज’ बनाएका थिए ।

साक्षर समाज-सक्षम राष्ट्र ।

शिक्षाः

- आत्मनिर्भर जीवनको लागि,
- रोजगारी र अवसरको लागि,
- सामाजिक विकास र समृद्ध राष्ट्रको लागि,
- लैंगिक, जातीय र क्षेत्रीय समानताको लागि,
- अधिकार र कर्तव्य बोधका लागि,
- स्वास्थ्य सम्बन्धी सचेतनाका लागि,
- आर्थिक सशक्तिकरणका लागि ।

त्यसैले शिक्षित बनौं,
प्रगतिको पथमा लम्किऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# भुवन केसीको दाबी : ‘समीरले नेपोटिज्मको बहस नै हटाइदियो’

काठमाडौं- नेपाली फिल्म क्षेत्रमा ‘नेपोटिज्म’को बहस बेला बखतमा उग्र हुने गरेको छ । जब जब यो बहस सुरू हुन्छ, तब त्योसँगै जोडिएर एउटा नाम अनिवार्य रूपमा आउँछ, अनमोल केसीको । अभिनेता भुवन केसीको छोरा भएकै कारण उनले ‘नेपोटिज्म’को आरोप सहनुपरेको छ । यद्यपि, यो विषयमा उनी मौन रहँदै आएका छन् । भुवनले भने ‘नेपोटिज्म’बारे आफ्नो धारणा राखिरहेका हुन्छन् ।

सोमबार काठमाडौंमा आयोजना गरिएको फिल्म ‘जेरी अन टप’को टिजर सार्वजनिक कार्यक्रममा पनि उनले ‘नेपोटिज्म’को प्रसंग निकाले । अभिनेता विराज भट्टका छोरा समीर भट्टबारे पत्रकारले सोधेको प्रश्नपछि उनले उक्त




प्रसंग निकालेका थिए । उनले समीरलाई आफूले छोरा जस्तै सोच्ने गरेको बताउँदै फिल्म क्षेत्रमा ‘नेपोटिज्म’को बहस समीरले बन्द गरिदिएकोमा खुसी व्यक्त गरे । भुवनले भने, ‘फिल्म क्षेत्रमा अरू पनि कलाकारका सन्तान छन् । तर, अनमोल इन्डस्ट्रीमा आउने वितिक्कै ‘नेपोटिज्म’को अरोप सहनुपर्‍यो । उसलाई ‘नेपोटिज्म’ भनियो । जब समीर आयो, तब उसले ‘नेपोटिज्म’को बहस नै हटाइदियो । त्यो कुराले म खुसी छु ।’ उनले ‘नेपोटिज्म’ भन्ने नै नहुने जिकिर गर्दै कलाकारका सन्तानहरू कलाकारितामा आउँदा प्रोत्साहन गर्नुपर्ने धारणा व्यक्त गरे । भुवनले ‘जेरी अन टप’मा अनमोलकै पिताको भूमिकामा अभिनय गरेका छन् । उनी यो फिल्ममा आफूलाई अनमोलले हराइदिएको दाबी गर्छन् । उनी भन्छन्, ‘बाहिरको फिल्म गर्दा त्यहाँका कलाकारलाई जित्न पाए हुन्थ्यो भन्ने लाग्थ्यो । यो फिल्ममा चाहिँ मलाई अनमोलले हराइदियो ।’ भुवनको कुरामा आफ्नो धारणा राख्दै अनमोलले बुबाको योगदानको छेउछाउ पनि आफू नरहेको बताए ।

का.जि.प्र.का.द.नं.३५२/०६४-०६५ गो.हु.का. द.न.१/०७७/०७८
जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- ५,
२०८२ साल भदौ १० गते मंगलबार
26 AUGUST 2025, TUESDAY

# युरो-६ मापदण्डले अड्किएका सवारी भित्र्याउने सम्बन्धी प्रतिवेदन वन मन्त्रालयमा




काठमाडौं- युरो-६ मापदण्डले अड्किएका सवारी भित्र्याउने सम्बन्धमा सरकारी समितिले प्रतिवेदन तयार पारेको छ ।

वन मन्त्रालयले गठन गरेको समितिले अध्ययन प्रतिवेदन मन्त्रालयका सचिव डा. राजेन्द्रप्रसाद मिश्रलाई प्रतिवेदन बुझाएको छ । समितिले एलसी खोल्नुअघिका प्रक्रिया वा पर्फर्मेन्स इन्भ्वाइसलाई कुनै पनि सरकारी निकायले प्रमाणीकरण गर्न नसकेको उल्लेख गरेको छ । 'हामीले मन्त्रालयमा प्रतिवेदन बुझाएका छौं । मन्त्रालयले प्रतिवेदनमा समावेश विषयलाई कुन रूपमा लिन्छ हामीले भन्न सक्ने कुरा भएन,' समितिका एक सदस्यले भने । नयाँ अर्डर गरिएका सवारीसाधन युरो-६ मापदण्डका कारण आयातमा समस्या भएपछि एलसी खोल्न दिने/ नदिने विषयमा अध्ययन गर्न समिति बनाइएको थियो ।

समितिमा वन मन्त्रालय र विभागका २/२ तथा अर्थ मन्त्रालय, उद्योग मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका एक एक कर्मचारी थिए । सम्बन्धित क्षेत्रका विशेषज्ञलाई पनि समितिमा राखिएको थियो ।

**सायमको चासोपछि युरो-६ मापदण्डमा अड्किएका नयाँ अर्डरका सवारीसाधनलाई एलसी खोल्ने तयारी**

यस विषयमा भारतीय सवारी साधन उत्पादक कम्पनीहरूको साझा संस्था सोसाइटी अफ इन्डियन अटोमोबाइल म्यानुफ्याक्चर्स 'सायम'ले पनि चासो दिएको छ ।

सायमको चासोपछि युरो-६ मापदण्डले आयातमा समस्या पारेका सवारीसाधन एक पटकका लागि ल्याउन दिने तयारी गरिएको छ । स्रोतका अनुसार मन्त्रिपरिषद् बाट निर्णय गराएर एक पटकका लागि बाधा अड्काउ फुकाउने तयारी गरिएको हो ।

# नाडा अटो शो २०२५ भव्यताका साथ सम्पन्न




काठमाडौं- माननीय स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलको प्रमुख आतिथ्यतामा २०८२ भाद्र ८ गते (ग्लक्त्च्भ्भ (:ब्ँ ख्चष्ममजष) बाट प्रायोजित नाडा अटो शो २०२५ को समापन कार्यक्रम काठमाण्डौको भृकुटी मण्डप परिसरमा भव्यताकासाथ सम्पन्न भएको छ ।

सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीबाट शुभारम्भ भएको यस १७ औं संस्करणकोनाडा अटो शो २०२५ मा १,७६,७८९ दर्शकहरूले अबलोकन गरेका छन् । निकै ब्यवस्थित रूपमा सञ्चालित यस प्रदर्शनीमा उत्कृष्ट रूपमा श्रृंगारिएका स्टल र अन्तर्राष्ट्रिय रूपमा नाम चलेका लेटेष्ट मोडेलका सवारी साधनहरूका कारण यो प्रदर्शनी गत बर्षहरूमा भन्दा निकै भब्य रूपमा सम्पन्न मात्र भएको छैन अपितु दर्शकहरूको उपस्थितिको हिसावले यो प्रदर्शनी एतिहासिक बन्न पुगेको छ । उडने सवारी साधन, रोवोटिक म्यान र डगका कारणले मात्र होइन थुप्रै नयाँ ब्रान्डका विद्युतिय सवारी साधनहरूको कारण यो प्रदर्शनीमा निकै ठूलो भिड लागेको थियो ।

यो अटो शो बिगतकोभन्दा निकै भब्य र बृहत भएको अबलोकनकर्ताहरूले समेत टिप्पणी गरेका छन् । सुस्ताइरहेको अटोमोवाइल व्यवसायका बावजुद पनि आयोजना गरिएको यो अटो शो ले अटोमोवाइल व्यवसायलाई मात्र होइन देशको अर्थ व्यवस्थालाई चलायमान बनाउन समेत मद्धत पुग्ने हामीले अपेक्षा गरेका छौ । अन्तरक्रिया कार्यक्रम सम्पन्न नाडा अटो शो २०२५ को अवसरमा नाडाले हरेक दिन विभिन्न विषयहरूमा अन्तरक्रिया कार्यक्रमहरू समेत सम्पन्न गरेको थियो ।

नाडा अटो शो को पहिलो दिन अटोमोटिभ कम्पोनेण्ट मेनुफेक्चर्स एशोसिएशनका कार्य समिति सदस्य रितुञ्च गुप्ता, सोसाइटी अफ इण्डीयन अटोमोवाइल मेनुफेक्चर्स (सियाम) का उपकार्यकारी निर्देशक अटानु गाँगुलीको प्रमुख आतिथ्यतामा इण्टरनेशनल अटो ट्रेड डायलग विषयमा भएको थियो ।

नाडा अटो शो को दोश्रो दिन इमानसंगको सहकार्यमा उद्योग वाणिज्य मन्त्रालयका सचिव कृष्णवहादुर रावतको प्रमुख आतिथ्यतामा ड्राइभिङ्ग द फ्युचर, इभि एडप्सन इन नेपाल विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । नाडा अटो शो को तेश्रो दिन नेपाल आर्थिक पत्रकार संघसंगको सहकार्यमा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरूप्रसाद पाण्डेको प्रमुख आतिथ्यतामा कर्जा नीतिमा स्थिरता, अटोमोवाइल बजारको दिर्घकालिन निकासको आधार भन्ने विषयमा अन्तरक्रिया सम्पन्न भएको थियो ।

# चेरीको आईकार भी-२३ एसयूभी नेपाली बजारमा इन्ट्री

काठमाडौं- चिनियाँ गाडी उत्पादक कम्पनी चेरीको लाइफस्टाइल आईकार भी-२३ नेपाली बजारमा इन्ट्री गरेको छ ।




ओमोडा एन्ड जेको गाडीको आधिकारिक बिक्रेता एसपीजी अटोमोबाइल्सले नयाँ गाडी आईकार भी-२३ नेपाली बजारमा ल्याएको हो । शारडा ग्रुपको कम्पनीले गाडी नेपाली बजारमा सोमबार सार्वजनिक गरेको हो । गाडीको मूल्य ४७ लाख रूपैयाँभन्दा कम हुने कम्पनीले जनाएको छ । अहिले मूल्य तोकिएको छैन ।

गाडी नाइमा मोबिलिटी एक्स्पोमा नै राख्ने योजना थियो । तर, तातोपानी नाकातर्फको बाटोमा समस्या भएपछि गाडी ल्याउन ढिलाइ भएको हो । गाडी शनिबार काठमाडौं ल्याइएको थियो ।

चीनमा आईकार ब्राण्डमा उपलब्ध भी-२३ लाइफस्टाइल एसयूभी हो । जुन जेको जे-६ जस्तै छ । आईकार भी-२३ मा ५९.९३ किलोवाट आवर (युनिट) क्षमताको ब्याट्री छ । यसले एक पटकको फुल चार्जमा ४०१ किलोमिटर रेन्ज दिने कम्पनीले जनाएको छ ।

भी-२३ मा १०० किलोवाट क्षमताको इलेक्ट्रिक मोटर छ । जसले ९८ न्युटनमिटरको टर्क प्रदान गर्छ । ग्राउन्ड क्लियरेन्स २१० एमएम छ । यो एसयूभीको लम्बाइ ४२२० एमएम, चौडाइ १९१५ एमएम, उचाइ १८४५ एमएम र ह्वीलबेस २७३५ एमएम छ ।

आईकार भी-२३ विभिन्न ६ वटा रंग विकल्पमा उपलब्ध छ । गाडीमा अगाडि प्रशस्त स्पेस छ । पछाडिको रियर सिटिङ अझ फराकिलो छ । यो एसयूभीको ७४ प्रतिशतभन्दा बढी भाग हाइस्ट्रेन्थ स्टील प्रयोग गरी हाइ रिजिडिटी बडीमा निर्मित छ । भी-२३ ले इन्टरप्राइज-ग्रेड ब्याट्री सेफ्टी मापदण्ड पालना गरेको छ, जसले आईकारको टिकाउपन र सुरक्षाप्रतिको प्रतिबद्धतालाई झल्काउने कम्पनीले बताएको छ ।




# मुक्तिनाथ क्यापिटलले संस्थापक समूहका शेयर बिक्री गर्दै

काठमाडौं- मुक्तिनाथ क्यापिटल लिमिटेडले विभिन्न लघुवित्त वित्तीय संस्था र वाणिज्य बैंकका संस्थापक समूहका गरि जम्मा ४,००,४४० कित्ता शेयरहरू शिलबन्दी बोलपत्र प्रक्रियामार्फत बिक्री आहवान गरेको छ ।

जसमा मेरो माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडका १,७२,३७२ कित्ताको न्यूनतम मूल्य रू.३०० र न्यूनतम आवेदन ५,००० कित्ता, स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेडका ८४,०६५ कित्ताको न्यूनतम मूल्य रू.३७५ र न्यूनतम आवेदन ५,००० कित्ता, कालिका लघुवित्त वित्तीय संस्था लिमिटेडका ७,९६८ कित्ताको न्यूनतम मूल्य रू ।३३० र न्यूनतम आवेदन १,००० कित्ता तथा नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडका १,३१५ कित्ताको न्यूनतम मूल्य रू.१०० र न्यूनतम आवेदन १,३१५ कित्ता शेयरहरू बिक्रीमा राखिएका छन् । इच्छुक योग्य व्यक्ति, कम्पनी तथा संघ-संस्थाले तोकिएको शर्तका अधीनमा रही शिलबन्दी फाराम रू.१०० तिरेर मुक्तिनाथ यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंबाट प्राप्त गरी मिति २०८२ साल भाद्र २४ गते अपरान्ह ३:०० बजेभित्र बुझाउनुपर्नेछ । प्राप्त बोलपत्रहरू मिति २०८२ साल भाद्र २५ गते बिहान ११ ,०० बजे कार्यालयमा खोलिनेछ । यस शिलबन्दी बोलपत्र प्रक्रियामा साविकका संस्थापक शेयरधनीहरूलाई पहिलो प्राथमिकता दिइनेछ र बाँकी रहेका शेयरहरू उच्चतम दरकदर अंकित गर्ने योग्य बोलपत्रदाताहरूलाई बिक्री गरिनेछ ।

जनआकास मिडिया प्रा.लि का लागि :
प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार